www.musickhabar.com

# म्यूजिक खबर

Musickhabar Fortnightly Magazine

पाक्षिक

वर्ष १, अंक १६, २०७४ असार १ गते | June 15, 2017 | रु.१५।-




# संघर्ष र सङ्गीतको समिश्रण

# पूर्णकला



जिन्दगी जति स्ट्रगलमा बितेको थियो त्योभन्दा सहज संगीत क्षेत्रमा मिलेको अनुभव छ उनीसँग । जिन्दगी भनेको बयान गर्न नसक्ने, परिभाषा नभएको जस्तो लाग्छ उनलाई । कसैको छोरी, कसैको बुहारी, कसैको आमा मात्र हुन्थें होला तर सबैको छोरी भएर गीत गाउने मौका मिलेको छ भने योभन्दा ठूलो के हुन सक्छ र ? गायनबाटै एक दशकको यात्रा पार गरिसकेकी पूर्णकलाका लागि आफ्नै मेहनतले प्रतिस्पर्धा गरिरहेको हुन्छ आफैंलाई । चुनौतिपूर्ण अवस्थाबाट सुरूवात भएको सांगीतिक यात्रामा पूर्णकलाका लागि भोलिका दिन अझ चुनौतिपूर्ण बनेको छ ।

विगतका कुनै दिन थिए, पूर्णकलालाई स्ट्रगलभन्दा पनि बाँच्न गाह्रो थियो । राजधानीमा जागिर खोज्दै भौंतारिने क्रममा गोर्खाली दोहोरी साँझ उनको साक्षी बनेको छ । संघर्षभित्रको संगीतमा उनको जिन्दगीका मोडहरूले आज अब्बल दर्जाको गायिकाको परिचय दिलाएको छ । लोकसंगीतमा पूर्णकला बिना अपूर्ण बन्ने पक्का भइसकेको छ । चारहजारभन्दा माथि गीतमा स्वर दिइसक्दा पनि हिजोका दिनले झस्काइरहन्छ उनलाई । जीवनको सुरूवातले भविश्यको मार्गदर्शन गरिरहेको हुँदोरहेछ, कर्म गर फलको आशा नगर भन्ने उखानभित्र उनी पनि दौडिएकी रहिछन् । गरीब परिवारबाट सुरू भएको यात्रामा पूर्णकलाको यात्राले आज सांगीतिक क्षेत्रमा पनि पूर्णता पाएको छ । संगीतले नै उनलाई बाँच्न सिकाएको छ । आधुनिक गीत गाउने सोचमा छिरेकी पूर्णकला अहिले लोकदोहोरीका पयार्य बनेकी छन् । विस्तृत पृष्ठ ५ मा



www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

## रिलिज कर्नर

### 'तिमीबिना केही गर्न सक्दिन'



**म्यूजिकखबर** । गायक पुस्कर सुनुवार र गायिका निशा लामाको स्वर रहेको गीत 'तिमि बिना केही गर्न सक्दिन' भिडियो सहित सार्वजनिक भएको छ ।

युट्युव मार्फत सार्वजनिक गीतको आकर्षक भिडियो समेत बनाइएको छ । भिडियोमा आर्यन खड्का र छहना मोडलिङ गरेका छन् । भिडियोमा रोमान्टिक थिम उठाइएको छ । पुरस्कार सुनवारले निर्देशन गरेको गीतको भिडियोमा सम्पादन आर्यन खड्का छायाँकन मुकेश हुमागाइको रहेको छ । गीतमा शब्द तथा संगीत निशा लामाकै रहेको थियो । गीतले सबैको मनछुने गायिका निशा लामाले बताइन् ।

### विछोडको निशानी देरालीमा ठाँटी




**म्यूजिकखबर** । देउरालीमा ठाँटी, ठाँटीको ढुंगामा तिम्रो मेरो नाम अझै उस्तै छ गयौ माया ढाँटी एउटा मन छुने मार्मिक गीत बनेको छ । गायक झलक संगीतम् र गायिका देवी घर्तीको स्वरमा रहेको यो गीत आलाप रेकर्डिङ स्टुडियोले बजारमा ल्याएको छ । प्रेम र प्रेमिकाबीचको मनका कुरा पोखिएको यो गीतको शब्द भने जीवन खड्काले लेखेका हुन् भने लय झलक संगीतम्कै संगीत रहेको छ । यसको म्यूजिक भिडियोमा भने गायक संगीतम्, मनोज र दिपासा बिसीले अभिनय गरेका छन् भने संगीतम्कै निर्देशन रहेको छ । करण चैंरिको छायाँकन रहेको यस म्यूजिक भिडियोलाई विष्णु शर्माले सम्पादन गरेका छन् ।

### विशालको पार्टी डान्स



**म्यूजिकखबर** । पछिल्लो पुस्ताका ब्यस्त निर्देशक हुन् विशाल नेपाली । उनी मोडलिङ र निर्देशनमा पोख्त मानिन्छन् । छोटो समयमै आफुलाई स्थापित मोडल र निर्देशकको रूपमा उम्याएका विशालको शिल्पी कला हेर्नका लागि अब भने पार्टी डान्स हेर्नै पर्छ । विशाल नेपालीद्वारा निर्देशित पार्टी डान्सको म्युजिक भिडियो सार्वजनिक भएको छ । उनीद्वारा निर्देशित पार्टी डान्स भिडियोमा पछिल्लो समयमा चर्चा बटुल्दै गरेका व्यस्त मोडल अशिश्मा नकर्मी, अनिल पौडेल र विशाल आफै अभिनय गरेका छन् । फरक शैलीमा डान्स रहेको यो भिडियोलाई ज्ञानेंद्र शर्माले छायांकन गरेका हुन् भने सम्पादन टेकेन्द्र शाहले गरेका हुन् । यो भिडियोमा आफूले देखाएको कला शिल्पीले आफुलाई थप उचाइमा पुऱ्याउने कुरामा ढुक्क छन् निर्देशक विशाल । यस गीतको शब्द, संगीत र एरेन्ज गायक बिशाल निरौलाले गरेका हुन् । यस गीतलाई गोरक्ष म्युजिकले प्रा.लि.ले बजार व्यवस्थापन गरेको छ ।

### सीमाको 'फूल हुँ म'




गायिका सीमा शाहको 'फूल हुँ म' ' बोलको गीतको म्युजिक म्युजिक भिडियो सार्वजनिक भएको छ । एल्बम 'सीमा २' मा समाबेश रहेको उक्त गीतमा सन्तोष पोखरेलको शब्द छ भने करनराज कार्कीले संगीत भरेका छन् । यो गीतलाई बिजेश्वर तण्डुकारले संगीत संयोजन गरेका हुन् भने यस गीतको म्यूजिक भिडियोलाई रायन कार्कीले निर्देशन गरेका छन् । भिडियोमा मनिषा र युगलले अभिनय गरेका छन् । उत्सव दाहालको छयांकन रहेको भिडियो लाइ प्रबिन श्रेष्ठले सम्पादन गरेका हुन् ।

# तेश्रो धारमा शान्तिप्रियको अधर




**म्यूजिकखबर** । पत्रकार एवं गीतकार शान्तिप्रियको आधुनिक गीतिसंग्रह अधर सार्वजनिक भएको छ । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भुजित बास्कोटाको हातबाट अधरलाई सार्वजनिक गरिएको हो । जेठ १८ मा परेको आफ्नो जन्मदिनको अवसर पारेर आयोजना गरिएको अधर विमोचन कार्यक्रममा बोल्दै प्रमुख अतिथि संगीतरत्न शम्भुजित बास्कोटाले शान्तिप्रियसँगको संगतले २५ औं वर्ष पारि गरिसकेको अवस्थामा उहाँ एउटा राम्रो साहित्यकार, पत्रकार, गजलकार हुँदै गीतकारका परिचयले आज बोल्न पाउनु सौभाग्यको कुरा भएको बताएका थिए । बास्कोटाले एल्बम अधरमाथि बोल्दै गीतका शब्दजस्तै म्यूजिक भिडियो, संगीत एवं संगीत संयोजन सबै उत्कृष्ट रहेको बताएका थिए ।

उपस्थिति अतिथिहरूलाई स्वागत गर्दै गीतकार शान्तिप्रियले कृतिको माध्यमबाट पहिलोपटक आए पनि विभिन्न समयमा आफ्ना रचनाहरू प्रकाशनमा आइरहेको बताएका थिए । उनले आफूलाई नजिकबाट माया गर्नेहरूको जमघटमा गीतिएल्बम 'अधर' सार्वजनिक गर्न पाएकोमा खुशी व्यक्त गरेका थिए । त्यस्तै साहित्यकार एवं संचारकर्मी डा.नवराज लम्सालले शान्तिप्रिय बजारमा आएका गीतकार भन्दा फरक धार अर्थात् तेश्रोधारलाई प्रतिनिधित्व गर्दै आएको गीतकार भएको बताए । पत्रकार एवं गीतकार शान्तिप्रियको गीतिसंग्रह 'अधर' को विमोचन समारोहमा बोल्दै डा.लम्सालले शान्तिप्रियका गीतहरूले तेश्रोधारको प्रतिनिधित्व गरेका बताएका थिए । कसैको मायामा सिधै आफ्ना भावनाहरू प्रस्तुत नगरीकन तेश्रोधारबाट आफूलाई प्रस्तुत गरेकाले गीतहरूको सिरियल हेर्दा एउटा चलचित्र नै निर्माण भएजस्तो आफूले पाएको महसुस गरेको डा.लम्सालले बताए ।

कार्यक्रममा वरिष्ठ अभिनेत्री बसुन्धरा भुसाल, लेखक निर्देशक मोहन निरौला लगायतको आतिथ्यता रहेको थियो । चलचित्र निर्माता प्रदीप कुमार उदयको सभापतित्वमा भएको उक्त कार्यक्रम संचारकर्मी एवं गीतकार शान्तिप्रियका मित्र नरेश भट्टराईले संचालन गरेका थिए । कार्यक्रममा अधर एल्बमभित्र समावेश स्रष्टाहरूलाई मायाको चिनो प्रदान गरिएको थियो भने केक काटेर जन्मदिनको अवसरमा शुभकामना आदान प्रदान गरिएको थियो ।

अधर एल्बमभित्र ५ वटा गीतहरू समावेश गरिएको छ । जसमा म त माया गर्ने मान्छे, म त नफापेको मान्छे, मलाई जस्तो, उनको मेरो दूरी चल्यो, याद तिम्रो धेरै आइरह्यो जस्ता गीत समावेश रहेको छ । जसमा सन्तोष श्रेष्ठ, दिपक शर्मा र अर्जुन पोखरेलको संगीत रहेको छ भने प्रमोद खरेल, अन्जना गुरुङ, निखिता थापा, राज सिग्देल र युवराज चौलागाईंले स्वर दिएका छन् । कार्यक्रममा तीन वटा गीतको म्यूजिक भिडियो पनि देखाइएको थियो । जसमा सवनम मुखियाद्वारा निर्देशित म त नफापेको मान्छे, सुव्रत आचार्यद्वारा निर्देशित मलाई जस्तो र निर्मल शर्माद्वारा निर्देशित म त माया गर्ने मान्छेको म्यूजिक भिडियो देखाइएको थियो ।

# एकल साँझमा गुन्जिए राज सिग्देल



**म्यूजिकखबर** । 'ऊ जितेर गई या हारेर गई, नतिजा आफैंतिर पारेर गई' गजलबाट एकाएक चर्चामा आएका गायक राज सिग्देल मंगलबार राजधानीमा गुन्जिए । गजल गायकको छवि बनाएका उनले 'राज सिग्देल एकल साँझ' मा आफ्ना र आफूलाई मन पर्ने दर्जनभन्दा बढी नेपाली, हिन्दी गजल र फिल्मी गीत सुनाए । दोलखाको कालिका उच्च माविमा पुस्तकालय निर्माण र अक्षयकोष स्थापनार्थ उर्वरा फाउन्डेसन नेपालले एकल साँझ गरेको हो । संगीत क्षेत्रमा लाग्न प्रेरणा दिने गाउँले दाइ शालिकरामलाई सम्झिएर राज एकछिन भावुक बने । उनले भने, 'दाइले नै शिवराजबाट राज बनाउनुभयो ।

मैले गर्ने सांगीतिक कार्यक्रमहरूमा दाइको नाम आएन भने फिक्का लाग्छ ।' राजले गीतकार हेमन सुवेदीको शब्द र चण्डीप्रसाद काफ्लेको 'आँखैमा राखें तुँवालो बन्यौ, दिलैमा सारें भुइँचालो बन्यौ' गजलबाट शृंखला अगाडि बढाए । आलोक श्रीको संगीत, आनन्द अधिकारीको शब्द र ईश्वर अमात्य स्वरबद्ध गीत 'सुन्नेलाई सुनको माला भन्दिनेलाई फूलको माला' गीत मनपर्ने उल्लेख गर्दै कार्यक्रममा गुन्गुनाए । पहिलोपटक भिडियोमा अभिनय गरेको अनुभव सुनाउँदै उनले 'नजर दामी हजुरको' गीत सुनाउँदा दर्शक 'वान्स मोर, वान्स मोर' भनेर चिच्याइरहेका थिए ।

राजको आउन लागेको नयाँ 'तस्बिर' एल्बमको हरि बस्ताकोटीको शब्द रहेको 'आँखैमा कुनै सपना छैन", 'अमृत भनी विष पिलायौ" गीत गाए । उनलाई मन पर्ने हरिप्रसाद रिमालले गाएको 'फगत एक नजरमा", फत्तेमानको 'बनै खायो डढेलोले", तारादेवीको 'सोचेजस्तो हुन्न जीवन" सुनाए । दर्शकहरू राजले 'ऊ जितेर गई या हारेर गई' गीत कतिखेर गाउँछन् भनी कुरिबसेका थिए । राजले 'ऊ जितेर गई या हारेर गई' गीतलाई हिन्दी 'चुप्के चुप्के रात दिन आँसु बहाना याद है' र 'जति चोट दिन्छौ देऊ मायालु' गीतसँग म्यासअप गरेर गाउँदा दर्शकले रूचाए । श्रीमती राधिका भण्डारीसँग राजले गाएको 'गहिरोगहिरो सागरजस्तै' गीत दर्शकले निकै रूचाइयो ।

भारतीय गायक हरिहरनको गजल 'हमने काटी है तेरी याद में', 'दिन ढल जाए कहीं रात ना' गीत गाए । उनले आफ्ना ' यो माया हराएको सहर हो प्रिया', 'यो त जाली सहर हो प्रिया', 'नजरमा तिम्रा हजार रहेछन" लगायत गीत गाए । कार्यक्रममा फाउन्डेसनकी अध्यक्ष एवं कवि देवकी अभिलाषी, संरक्षक बिकु लामा, नेपाल यातायात राष्ट्रिय महासंघका महासचिव सरोज सिटौलाले धारणा राखे ।

# श्रीको 'समर्पण' विमोचित




काठमाडौं । नव गायक श्री राईको शब्द, संगीत र स्वरमा सजिएको एल्बम 'समर्पण' विमोचन भएको छ । गत शुक्रबार काठमाडौंमा एक औपचारीक कार्यक्रमको आयोजना गरी एल्बमलाई नेपाल संगीत तथा नाट्य पज्ञा प्रतिष्ठानका कुलपति तथा वरिष्ठ साहित्यकार सरुभक्त श्रेष्ठ र नेपाल संगीत तथा नाट्य पज्ञा प्रतिष्ठानका सदस्य सचिव तथा वरिष्ठ गायक, संगीतकार एवं कवि गणेश रसिकले विमोचन गरेका थिए ।

विशाल चौतारी मिडिया प्र.ली.बाट बजारमा आएको एल्बम विमोचन समारोहमा बोल्दै वरिष्ठ साहित्यकार सरुभक्त श्रेष्ठले एल्बमको गीत, संगीत र स्वर आफ्नै भएकाले बहुआयामिक प्रतिभाको उदाहरण यो समर्पण एल्बम भएको बताए । त्यस्तै वरिष्ठ गायक, संगीतकार एवं कवि गणेश रसिकले बधाइ दिँदै भने '-विदेशमा बसेर पनि स्वदेशको माया, देशको माया, माटोको माया, जन्मस्थलको मायालाई सम्झेर उहाले आफ्ना सृजनाहरूलाई अभिव्याक्त गर्नुभएको छ, त्यो हामी सबैको लागी प्रेरणादायी छ ।'

चार गीत र एक ट्र्याक समावेश रहेको एल्बममा 'सुस्तरी सुस्तरी', बैसालु जावानी', नजाउ मलाई छोडी टाढा, जोडेर दुई मुटु, र बैसालु जावानी'को ट्र्याक समावेश रहेको छ । एल्बमको सबै गीतलाई याकुब राईले एरेञ्ज गरेका छन्, भने सबै गीत साइन स्टुडियोमा रेकर्ड भएका हुन् । एल्बमको कभर डिजाइन जेरोनको रहेको छ ।

यही एल्बममा समावेश रहेको 'बैसालु जावानी' बोलको गीतको म्युजिक भिडियोपनि एल्बम विमोचनमा देखाएको थियो । म्युजिक भिडियोलाई रंग पत्रकार विशाल राईले निर्देशन गरेका छन्, भने ज्ञानेन्द्र शर्माको सिनेमाटोग्राफी रहेको छ । भिडियोमा मोडल पुष्पल खड्का र सृष्टिना राईको रोमान्स देख्न सकिन्छ ।

# छैटौं म्यूजिक खबर म्यूजिक अवार्डको मनोनयन सार्वजनिक




**म्यूजिकखबर ।** छैटौं म्यूजिक खबर म्यूजिक अवार्ड २०७४ को मनोनयन सार्वजनिक भएको छ । गत २०७३ बैशाखदेखि चैतसम्म सार्वजनिक भएका गीतसंगीतको विभिन्न ३४ विधाको सर्वोत्कृष्ट पाँचभित्र पर्न सफल गीतको मनोनयन सार्वजनिक गरिएको हो । म्यूजिक खबरको आयोजनामा विगत ६ वर्षदेखि आयोजना हुँदै आइरहेको म्यूजिक खबर म्यूजिक अवार्डको यो छैटौं संस्करण हो । आगामी असार २९ गते राष्ट्रिय नाचघर जमलको प्रेक्षालयमा सम्पन्न हुन गइरहेको यस अवार्डको सहआयोजकका रूपमा भने सांस्कृतिक संस्थान जमल रहेको छ । राष्ट्रिय भाव, पप, लोकदोहोरी, चलचित्र र आधुनिक गीतसंगीतका विभिन्न १ सय ७० स्रष्टा र सिर्जनाहरू उत्कृष्ट पाँचभित्र पर्न सफल भएका छन् ।

गीतसंगीतको क्षेत्रलाई चलायमान बनाउँदै स्रष्टाको सम्मान, सिर्जनाको सम्मान गर्दै गीतसंगीतको क्षेत्रलाई सम्बर्द्धन, प्रबर्द्धन गर्दै गीतसंगीतमा लाग्नेहरूका लागि उर्जा प्रदान गर्नका लागि यो अवार्डको आयोजना गरिएको आयोजक संस्थाले जनाएको छ । यस अवार्डलाई भव्य र सभ्य रूपमा सम्पन्न गर्दै गीतसंगीतको क्षेत्रमा लागेका पत्रकार, बाल प्रतिभा, डायस्पोरा, दीर्घसाधना सम्मान, दशकको सम्मान लगायका सम्मानबाट पनि स्रष्टाहरूलाई सम्मान गरिँदै आइएको आयोजक संस्था म्यूजिक खबरले जनाएको छ ।

## सर्वोत्कृष्ट पाँचको मनोनयन निम्नानुसार रहेको छ :

**१.सर्वोत्कृष्ट राष्ट्रिय भावको गीत**
क) आफ्नै घर — महेश आचार्य
ख) बिरामी छ देश — डा.नवि अधिकारी
ग) म जहाँ गएनी — दीपसागर थापा
घ) हातका ठेला — नृपध्वज खड्का
ङ) हाम्रो देश हामी — विदुर खड्का

**२. सर्वोत्कृष्ट पप गायिका**
क) आकांक्षा बस्याल — म पग्लन्छु
ख) एन्जिला रेग्मी — कपुरी क
ग) दीपा पन्त — झट्का
घ) माण्डवी त्रिपाठी — ढोल बज्यो
ङ) योजना पुरी — म बस्नै नसक्ने

**३. सर्वोत्कृष्ट पप गायक**
क) अमिर देउला — मेरो भविश्य
ख) उदेश श्रेष्ठ — ती नजर
ग) डेबिट शंकर — आइकम विकम
घ) सुरज श्रेष्ठ — भुल्यौ कि
ङ) श्याम सामसोङ — पर्दाफास भो

**४. सर्वोत्कृष्ट पप संगीतकार**
क) कल्याण सिंह — म पग्लन्छु
ख) राजकुमार — झट्का
ग) राजु सिंह — भुल्यौ कि
घ) राहुल प्रधान — कहाँ पुगेँ म
ङ) विपिन आचार्य — ढोल बज्यो

**५. सर्वोत्कृष्ट नवप्रतिभा दोहोरी**
क) चुडामणी नेपाली — म तिम्रो हैन भने
ख) मिलन लोप्चन — झिने चुरा
ग) रविन लामिछाने — गोर्खातिर जानु
घ) राजकुमार बस्नेत — जीवन धराप छ
ङ) हरि विमर्शी — सँगै हुने कहिले

**६. सर्वोत्कृष्ट नवप्रतिभा दोहोरी महिला**
क) एलिना खनाल — धाराको पानी
ख) कल्पना सुनुवार — डाँडैमा विजुली
ग) कुसुम क्षेत्री — दाइ भनेर मरि
घ) मिना थापा — सँगै हुने कहिले
ङ) मेनुका सोनी — मायाले सम्झना

**७. सर्वोत्कृष्ट म्यूजिक भिडियो मोडल महिला**
क) अञ्जली अधिकारी — मायाको पोको
ख) गीता राई — निष्ठुरी मायालु
ग) पार्वती राई — डाँडैमा विजुली
घ) पूर्णिमा श्रेष्ठ — झिने चुरा
ङ) रश्मी तामाङ — आज गाउँमा

**८. सर्वोत्कृष्ट म्यूजिक भिडियो मोडल पुरुष दोहोरी**
क) दुर्गेश थापा — तिमी फूल हौ काली
ख) ध्रुव हिमाली — आफैं बाटो मोडे पनि
ग) पीएन सपाकोटा — सँगै नहुँदा
घ) शंकर बिसी — डाँडैमा विजुली
ङ) शंकर बिसी — झ्याउँकिरी

**९. सर्वोत्कृष्ट म्यूजिक भिडियो निर्देशक दोहोरी**
क) एकिन्द्र सारा शंकर — आफैं बाटो मोडे पनि
ख) प्रकाश भट्ट — डाँडैमा विजुली
ग) प्रकाश भट्ट — झिने चुरा
घ) विक्रम चौहान — साउदी मलेसिया
ङ) शंकर बिसी — झ्याउँकिरी

**१०. सर्वोत्कृष्ट शब्द दोहोरी**
क) आँसु झारिरहेँ — कस्तुप पन्त
ख) जीवन धराप छ — अनिल खनाल
ग) बासिसक्यो भाले — रमेश बिजी
घ) म तिम्रो होइन भने — बबिता बानियाँ
ङ) माया गर्छु छोड्छु — गायत्री थापा

**११. सर्वोत्कृष्ट भाका दोहोरी**
क) उही खोलीमा पानी — वसन्त थापा
ख) चिनो रूमाल — सागर गुरूङ
ग) बासिसक्यो भाले — वीरबल ढकाल
घ) मनमा आगो सल्क्यो — राजन ठकुरी
ङ) मायाले सम्झना — सुजन लम्साल

**१२. सर्वोत्कृष्ट गायिका दोहोरी**
क) जुनु रिजाल — आज गाउँमा
ख) देवी घर्ती — उही खोलीमा पानी
ग) पूर्णकला बिसी — तिमी फूल हौ काली
घ) मुना थापा — गोर्खातिर जानु
ङ) शर्मिला गुरूङ — म तिम्रो होइन भने त

**१३. सर्वोत्कृष्ट गायक दोहोरी**
क) कृष्ण रेउले — आज गाउँमा
ख) भागीरथ चलाउने — माया जोख्ने तुलो
ग) मेक्सम खाती — कति माया गर्छु
घ) विरही कार्की — डाँडैमा विजुली
ङ) राजन गुरूङ — उही खोलीमा पानी

**१४. सर्वोत्कृष्ट लोकगीत**
क) आमाको तस्विर हातैमा विरही कार्की
ख) जाले रूमाल — बाबुराम अधिकारी
ग) जोवन गैसक्यो — रञ्जिता थापा
घ) निभेको आगो — मौसम गुरूङ
ङ) माकुर माकुर घुर — प्रकाश सपुत

**१५. सर्वोत्कृष्ट चलचित्र गीतकार**
क) आकाश अधिकारी — पागल (के म तिम्रो होइन र)
ख) ऋषिराज आचार्य — सुन्तलीलाई (सुन्तलीलाई भगाइ लग्यो झिल्केले)
ग) दयाराम पाण्डे — तिमी साथमा हुँदा -पलाँस)
घ) लक्ष्मण सुवेदी — घिटिघिटी (लालजोडी)
ङ) लेखु सहयात्री — पिक्चर हिट (किस्मत २)

**१६.सर्वोत्कृष्ट चलचित्र पार्श्व गायिका**
क) अन्जु पन्त — पूर्वपश्चिम रेल (छक्का पन्जा)
ख) दुर्गा परियार — मेरो जिन्दगीमा (ब्रासलेट)
ग) मिलन अमात्य — आँखालाई के दोष (राधा)
घ) मेलिना राई — शिरैमा शिरबन्दी -हाउ फन्नी)
ङ) सहिमा श्रेष्ठ — पिक्चर हिट (किस्मत २)

**१७. सर्वोत्कृष्ट चलचित्र पार्श्व गायक**
क) कालिप्रसाद बास्कोटा — सुन्तलीलाई (सुन्तलीलाई भगाइ लग्यो झिल्केले)
ख) कृष्ण काफ्ले — देखन चम्पा (छक्का पन्जा)
ग) कृष्ण काफ्ले — पिक्चर हिट -किस्मत २)
घ) युवराज चौलागाई — मेरो जिन्दगीमा (ब्रासलेट)
ङ) राजेशपायल राई — आकाशैमा (दर्पणछायाँ २)

**१८. सर्वोत्कृष्ट चलचित्र संगीतकार**
क) अर्जुन पोखरेल — तिमी साथ हुँदा (पलाँस)
ख) दिपक शर्मा — देखन चम्पा (छक्का पन्जा)
ग) राजनराज शिवाकोटी — पूर्वपश्चिम रेल (छक्कापन्जा)
घ) वसन्त सापकोटा — छपक्कै (राधा)
ङ) विकास चौधरी — लाहुरे आयो (पार्सल)

**१९. सर्वोकृष्ट गजल**
क) अजम्बरी माया — रमेश विमान
ख) तिम्ले त अन्तै मुटु — शशि शर्मा मजगैंया
ग) नआउ भो — राकेश काफ्ले
घ) बहारमा रमाउने — गोविन्द प्र.उपाध्याय
ङ) सुनसान रात — शेर्पिनी कान्छि

**२०. सर्वोत्कृष्ट नवप्रतिभा महिला सुगम संगीत**
क) इन्दु बानियाँ — तिम्रो न्यानो
ख) नम्रता तामाङ — ऐना हेरि
ग) मिरा कार्की — शिरशिर
घ) सरिता त्रिपाठी — खुट्टै ढोग
ङ) शोभा पाण्डे — मैलाई माया

**२१. सर्वोत्कृष्ट नवप्रतिभा पुरुष सुगम संगीत**
क) कमल श्रेष्ठ — लजालु
ख) किशोर शिवाकोटी — उडी जाने रेल
ग) नविन थापा — पाउँमा काँडा
घ) भुषण खतिवडा — हाँसी हाँसी
ङ) मानदेव ताजपुरिया — भुलौं भुलौं

**२२. सर्वोत्कृष्ट भिडियो मोडल महिला सुगम संगीत**
क) केकी अधिकारी — हाँसी हाँसी
ख) खुश्बु खड्का — तिमी बोल
ग) बर्षा शिवाकोटी — कहिले पनि नबोलेको
घ) रक्षा श्रेष्ठ — कपुरी क
ङ) कर्मै खोटी — सुप्रिया कटवाल

**२३. सर्वोत्कृष्ट भिडियो मोडल पुरुष सुगम संगीत**
क) के.के. अधिकारी — झट्का
ख) निराजन प्रधान — हे गोरी
ग) पुष्पल खड्का — हाँसी हाँसी
घ) सनम कठायत — कर्मै खोटी
ङ) सागर लम्साल — कपुरी क

**२४. सर्वोत्कृष्ट भिडियो छायाँकार सुगम संगीत**
क) अर्जुन तिवारी — हाँसी हाँसी
ख) उत्सव दाहाल — तिम्रै पिरले
ग) नवीनबाबु गुरूङ — बादलसँगै
घ) रविन्द्र बराल — शिर शिर
ङ) हरि हुमागाइँ — झुल्केको घाम

**२५. सर्वोत्कृष्ट भिडियो सम्पादन सुगम संगीत**
क) टेकेन्द्र शाह — हजार चोट
ख) टेकेन्द्र शाह — सानो सानो
ग) निशान घिमिरे — तिम्रै पिरले
घ) विज्ञान राई — झुल्केको घाम
ङ) वीरेन्द्र भाट — बाटोमा ढुंगा

**२६. सर्वोत्कृष्ट भिडियो निर्देशक सुगम संगीत**
क) अर्जुन अधिकारी — छुटाउन खोज्ने
ख) नारायण ढकाल — हजार चोट
ग) सनम अधिकारी — तिमी बोल
घ) विशाल भण्डारी — हाँसीहाँसी
ङ) युवराज वाइबा — मन भमरा

**२७. सर्वोत्कृष्ट ध्वनि मुद्रण सुगम संगीत**
क) काँडा छोए फूल — किशोर थापा
ख) खुट्टै ढोग — शम्भु तण्डुकार
ग) धेरै पछि — गोविन्द सोनी
घ) म लडेको — सत्यम नेपाल
ङ) मायालु तिम्रो — भोला पौडेल

**२८. सर्वोत्कृष्ट संगीत संयोजक सुगम संगीत**
क) अलमोडा — नभेटी नभेटी
ख) फणिन्द्र राई — रूम्जाटारे सोल्टी
ग) बी.बी अनुरागी — हुरीमा दियो
घ) विष्णु अधिकारी — खुट्टै ढोग
ङ) सुदीप सागर — मायालु तिम्रो रोजाइमा

**२९. सर्वोत्कृष्ट युगल गायन सुगम संगीत**
क) धेरै पछि — भिषण मुकारूङ/सुनिता थेगिम
ख) जीवन साथी — प्रमोद खरेल /गौरी मल्ल
ग) तिमी मलाई मन पर्छ — टीका प्रसाईं /सञ्जीव पराजुली
घ) तिम्रो आँखाको भाका — सुरज कु. थापा /निखिता थापा
ङ) हाम्रो माया पिरतीको — सिडी विजय अधिकारी/मनिषा राई

**३०. सर्वोत्कृष्ट गीतकार सुगम संगीत**
क) डा. कृष्णहरि बराल — नदेख्नु पर्थ्यो
ख) पूजा मारिया — सुस्तरी सुस्तरी
ग) विपिन किरण — खुट्टै ढोग
घ) डा.विष्णु रजनी — मायालु तिम्रो रोजाइमा
ङ) सुरेन्द्र महर्जन — म भन्दा नि

**३१. सर्वोत्कृष्ट गायिका सुगम संगीत**
क) अन्जु पन्त — मैले हार्दा
ख) जुना प्रसाई — नजरमा तिम्रो
ग) टीका प्रसाई — परें माया जालैमा
घ) दुर्गा परियार — मनमा पीडा
ङ) मेलिना राई — म भन्दा नि

**३२. सर्वोत्कृष्ट गायक सुगम संगीत**
क) मनोजराज — मायालु तिम्रो रोजाईमा
ख) रामकृष्ण ढकाल — म लडेको मात्रै
ग) रामभक्त जोजिजू — हारमा पनि
घ) शिव परियार — नभेटी नभेटी
ङ) त्रिलोक राना — काँडा छोए फूल

**३३. सर्वोत्कृष्ट संगीतकार सुगम संगीत**
क) गैरे सुरेश — मेरो चरित्रमा
ख) प्रेम अर्याल — मनमा पीडा
ग) राजशुक्रम लिम्बू — कहिले पनि नबोलेको
घ) सुनिल मास्के — काँडा छोए फूल
ङ) हरि लम्साल — म लडेको मात्रै

**३४. सर्वोत्कृष्ट एल्बम सुगम संगीत**
क) आवरण — रामकृष्ण ढकाल (विन्ध्यावसिनी म्यूजिक)
ख) मितज्यू — गौरव वसन्त
ग) वरदान — त्रिलोक राना (भाइब्स क्रियशन)
घ) सुरभी — विपिन किरण (म्यूजिक नेपाल)
ङ) शङ्का — शोभा पाण्डे (विन्ध्यवासिनी म्यूजिक)

# यो चोखो माया लिएर आए छिरिङ भुटिया



छिरिङ भुटिया युवपुस्ताका पुराना गायक हुन् । पूर्वी पहाडी जिल्लाको चेपुवा-३ संखुवासभा स्थायी घर भएका भुटियाको जन्म भने सुखियापोखरी दार्जिलिङमा भएको हो । २०३० साल चैतमा जन्मिएका भुटियाको सांगीतिक जिन्दगीको परीक्षणकाल भने साथीसंगीसँगको उठबस नै हो । औपचारिक रूपमा सांगीतिक यात्राको सुरूवात भने २०५३ साल हेरिदेउ हाँसिदेउ गीत नै हो । भुटियाले यो गीतको रेकर्डसँगै गोपाल योञ्जनसँग सहकार्य गर्ने मौका पाए । योञ्जनको निशानी कलेक्सन एल्बममा स्वर दिने मौका पाए । २०५३ सालतिर निशानी बजारमा आएपछि आफ्नै एल्बमहरू प्रकाशनमा ल्याउन सुरू गरे । तिमी आएजस्तो २०५४, सायद २०५७, डे २०५९, उपस्थिति २०६२ जस्ता चारवटा एल्बहरू बजारमा ल्याइसकेपछि भुटियाले आफ्नो सांगीतिक यात्रामा पेशा परिवर्तन नै गरेभन्दा पनि फरक पर्दैन । अवार्डहरूः हिट्स एफएम म्यूजिक अवार्ड २०५८, साचिस अवार्ड २०५९ (दार्जिलिङ) अवार्ड चुमिसकेका उनले गायनलाई केही थाँती राखेर साउन्ड इन्जिनियरिङको पेशालाई



आत्मसात गर्दै आए । सधैं सांगीतिक कार्यक्रमहरूमा उनको साउन्ड इन्जिनियरिङको कामबाट सबैले उनको प्रशंसा गरिरहे तर उनको गायकी भने ओझेल पर्दै गयो ।

लामो समयको अन्तरालपछि 'यो चोखो माया' गीतको भिडियोसमेत सार्वजनिक गरेका छन् । विनय लामाको शब्द र संगीतमा छिरिङ भुटियाको स्वर रहको गीतमा विशाल ताम्राकारले एरेन्ज एवं रेकर्ड गरेका छन् । अमृत सुनुवारको छायाँकार/निर्देशन रहेको उनको म्यूजिक भिडियोलाई माधव बेल्बासेले सम्पादन गरेका छन् । यस भिडियोमा पुरानो ब्याण्ड 'पिजम ब्याण्ड' ले फिचरिङ गरेको छ । सन् १९७४ मा स्थापना भएको यस ब्याण्डमा सुवर्ण लिम्बू (संगीतकार/एरेन्जर), देव राना (ड्रमर), दिपक थापा (संगीतकार, एरेन्जर), पेम्बा लेप्चा (संगीत प्रशिक्षक) सदस्यहरू रहेका छन् ।

त्यसो त राम्रा गायक भएर पनि छिरिङ भुटियाले आफ्नो साउन्ड इन्जिनियरिङको पेशालाई मजबुत बनाउँदै आएका पनि छन् । प्राविधिक सल्लाहकारका रूपमा सांस्कृतिक संस्थानमा कार्यरत रहेका उनी अब भने प्रोजेक्ट ५ मार्फत् सांगीतिक यात्रालाई निरन्तरता दिने सोचमा छन् । अब गायनयात्रालाई पनि अगाडि बढाउँदै जानेछु गायक भुटियाले भने - 'मेरो सांगीतिक करिअरमा पाएको स्थानेले नै आज यो स्थानमा पाएको हुँ । पुरानादेखि नयाँसम्मको सहकार्य गरिसकेँ अब मेरो वास्तविक परिचय नै हराउलाजस्तो लागेको छ त्यसैले गायनलाई निरन्तरता दिनेछु ।'

**नेपाल माइक्रो कम्पनी प्रा.लि.**
**टिकट काउन्टर**
नयाँ बसपार्क, पूजाकोठी (पेट्रोलपम्प नजिक)
सम्पर्कः ४३८७१६३, ९८४१३१०३१५

काठमाडौंबाट बर्दिबास, धरान, इटहरी, विराटनगर, पोखरा, वेशीशहर, नुवाकोट, विराटनगरदेखि काँकडभिट्टासम्मको माइक्रोबसको टिकट बुकिङ गरिन्छ ।

**सल्लाहकार**
डा.कृष्णहरि बराल
डा.नवराज लम्साल
शान्तिप्रिय
नारायण रायमाझी
टीका भण्डारी
सन्तोष श्रेष्ठ

**प्रकाशक/सम्पादक**
सविता पोखरेल

**प्रधान सम्पादक**
सुमन पण्डित

**निर्देशक**
मिलन मोक्तान

**सम्वाददाता**
राधिका अधिकारी
दिनेश थापा

**व्यवस्थापक**
अविनाश लम्साल

**तस्वीर**
नवीनबाबु गुरुङ
देवराज आचार्य

**कार्यालयः**
पुतलीसडक, काठमाडौं ।
फोनः ०१-४०१०५४५,
musickhabar.com@gmail.com

**मुद्रणः**
गौरीशंकर प्रिन्टिङ प्रेस एण्ड पब्लिकेशन, बागबजार काठमाडौं

## सम्पादकीय

# रोयल्टी व्यवस्थापनमा बढ्दो चासो

गीत संगीतको क्षेत्रमा पछिल्लो समय आएर आफ्नो भौतिक, आर्थिक र नैतिक अधिकार के हो भनेर बुझ्न र खोज्न थालिएको छ । एउटा स्रष्टाले लगानी गरेर कम्पनीलाई सुम्पिने परम्परा धेरै नै छ । कम्पनीले पनि व्यापारको दृष्टिबाट कुनै पनि आम्दानी नहुने भएपछि लगानी गर्ने वातावरण बन्न सकेको छैन । गीतकार, गायक वा संगतिकारभित्र लगानीकर्ताले एल्बममा भएको प्राय गीतको म्यूजिक भिडियोसहित लगानी गरेर कुनै कम्पनीमा लोगो हाल्ने बहनामा सम्पूर्ण स्वामित्व दिने प्रचलन नेपालमा विद्यमान नै छ । अहिले एल्बमको बिक्रि नभएका कारण कुनै पनि कम्पनीले आफ्नो लगानी फसाउन चाहँदैनन् । अर्कैको लगानीमा प्रोडुयसर बन्नेहरूको ताँती नै छ । तर वास्तविक प्रोडुयसर भने ओझेलमा परिरहेको अवस्था हामीले देखेका छौ । कलाकारहरूलाई सस्तो लोकप्रियता कमाउने ध्यानमा आफ्नो लगानी फसाइरहेको अवस्था र त्यसको पछि लागेर अर्थोपार्जन गर्नेहरूले वास्तविक सर्जक, उत्पादकमाथि दाग लगाइरहेका पनि छन् ।

केही कम्पनीहरू टेलिभिजनमा कार्यक्रम भएको भरमा वा केही भने टेलिभिजनमा बजाइदिन्छु, सम्पूर्ण दैनिक, अनलाईन, टिभी लगायतका मिडिया आफूले भनेको मान्ने भन्दै कसैको गीतलाई हिट गराउने बहनामा सम्पूर्ण लगानी हत्याएर आफ्नो कब्जामा लिने प्रचलन स्रष्टाह्रूरू मरिरहेको अवस्था हाम्रो सामु जगजाहेर नै छ । अडियो र भिडियोको कार्य पूरा गरेपछि मिडियाका लागि भनेर रकम असुल्नेहरू पनि केही मात्रमा हावी भएकै छन् । अब यहाँ वास्तविक प्रोड्युसरको अभाव खड्किरहेको अवस्था छ । एउटा राम्रो प्रोडक्ट उत्पादन नगर्ने प्रोड्युसर र बजारले खोजेको उत्पादन नगर्ने संगीत उद्योग बनिरहेको अवस्थामा स्रष्टा सर्जकहरू पनि सजग हुँदै आफ्नो नैतिक, आर्थिक र बौद्धिक अधिकारको लँडाइ लड्ने तयारीमा छन् ।

कुनै पनि कम्पनीले कुनै स्रष्टा वा सर्जकको नाम उल्लेख नगरिकन गायकको नामलाई मात्र राखेर आरबिटी, यूट्यूब वा अन्य कुनै प्रयोजनको लागि गरिएको ठाउँमा स्रष्टाको नैतिक अधिकार हनन भएको भन्ने बुझ्नु पर्छ । यो सिधै कम्पनीको बदमासी हो भने एउटा स्रष्टामाथिको अराजक प्रवृत्ति पनि हो । आफैं लगानी गर्ने आफ्नै नाम नहुने, कमाइ कसले खाइरहेको छ भन्ने गायक, गीतकार वा प्रोड्युसरलाई थाहा नहुने भएपछि नैतिक अधिकार खोज्नु पनि जायज नै हो । प्रतिलिपि अधिकार अन्तर्गत कुनै पनि स्रष्टाको नैतिक अधिकार हनन गर्दा ऊ स्वयम् कानूनको कठघरामा उभिनुपर्छ भन्ने नियम भए पनि अहिलेसम्म कसैले यो कार्यको थालनी पनि गरेका छैनन् । लुटि खानेले लुटिरहेकै अवस्था छ भने चुपाचाप काम गर्ने र आफूलाई हिट बनाउने मात्र सोचमा भएका उत्पादकहरूले नैतिक अधिकार हनन् सबैभन्दा बढी गरिरहेका छन् भन्ने प्रमाणहरू पनि बजारमा आइरहेका छन् ।

लगानी गरेर बुझाएको प्रोडक्टबाट कसरी लिने भन्नेमा अहिले विदेशमा रहेका वा स्वदेशमा रहेका स्रष्टाहरू अलि पनि अन्यौलमा परेका छन् । बल्ला नैतिक अधिकार, बौद्धिक अधिकारका रूपमा आफ्नो अधिकार खोज्नु राम्रो प्रक्रिया हो । यसरी नै बौद्धिक अधिकार र आर्थिक अधिकार पनि खोजिनुपर्ने आजको आवश्यकता बन्दै गरेको देखिन्छ । समाज परिवर्तन सँगै आफ्नो सामानको पनि आयात र निर्यातका लागि ढोका खुला हुनु पर्छ भनेजस्तै संगीतमा पनि वास्तविक लगानी कर्ताको नैतिक अधिकार हनन हुनुहुँदैन । कसैको सिर्जना जथाभावी प्रयोग गर्ने वा गराउनेलाई दोषी ठहर गराई कानुनी कारवाही गरिनुपर्छ । संगीत पनि उद्योगबाट उत्पादित सामानभन्दा मूल्यवान छ, यो बौद्धिक सिर्जना हो ।

# कुसुमबिनाका रञ्जित...



टीका भण्डारी



कुसुम गजमेर र रञ्जित गजमेरको जोडी टुटेको केहि दिन भयो । धेरै लाई रञ्जित गजमेरको जीवनी के कस्तो होला भन्ने उत्सुकता हुन सक्छ । म आफैंले रञ्जित दाईसँग अन्तर्वार्ता समेत लिई तयार गरेको यो लेख आज तपाईंहरू समक्ष प्रस्तुत गरेको छुः

संगीतको कुनै सिमाना हुँदैन न कुनै निश्चित भूगोल नै हुन्छ । एउटा नेपाली मूलको प्रवासी ठिटो दुनियाँको सबैभन्दा व्यस्त फिल्मी नगरी मुम्बईमा नेपाली मादल बोकेर केही गर्ने हिम्मतका साथ संघर्षशील रहन्छ । त्यहाँ बचत भएको समयलाई नेपाली चलचित्रको संगीतमा समर्पित गर्छ, त्यसमै रमाउँछ उनको जिन्दगी । बलिउडका फिल्मी गीतहरूमा नेपालको लोकप्रिय मादललाई लोकप्रिय गराउँछ । सबैले उनलाई मादले कान्छा भनेर बोलाउँछन्, नेपाली बेटा भनेर चिनिन्छन् उनी तर उनी भने न नेपालका हुन् न उनलाई कसैले जिम्मेवारी दिएर नेपालबाट नेपाली वाद्ययन्त्र मादलको प्रचारप्रसार गर्न त्यहाँ पठाइएको नै हो । उनी स्वविवेकी, स्वाभिमानी र नेपाली मूलका एक प्रवासी हुन् । नेपालीपन मन र हृदयसँग गहिरो नाता जोडिएका रञ्जितले नेपाली चलचित्रको संगीतमा महत्वपुर्ण योगदान पुऱ्याएका छन् ।

आजको शृंखलामा उनै मादले कान्छा नेपाली चलचित्रका सुप्रसिद्ध संगीतकार रञ्जित गजमेरको वास्तविक जीवनकथा प्रस्तुत गर्दै छु । दार्जिलिङमा सुरूवाती दिनहरूमा रञ्जित संगम सांगीतिक समूहमा पनि आबद्ध भए जुन समूहमा अरूणा लामा, शरण प्रधान पनि आबद्ध थिए तर अरूणा र शरणले सन् १९६४ मा नै संगम छोडे । जितेन्द्र पनि श्रवणको समूहमा छिट्टै सिट भए । रञ्जित र केही स्रष्टा मात्र बाँकी रहे, संगम समूहमा । समूहका साथीहरूले उनलाई त्यसै बेला ट्युनिङमा गीत लेख्न अफर गर्थे । राम्रो संगीत गर्थे, त्यसै बेला पनि उनी । त्यसबेला रक एन्डरोल नामक म्युजिकल ब्यान्ड पनि निकै सक्रिय थियो दार्जिलिङमा । जससँग यिनीहरूको एक किसिमको स्वस्थ प्रतिस्पर्धा थियो । अरूले छोड्दै गएपछि १९६४ देखि रञ्जितले आफनो स्थिति अझ बलियो बनाए, संगम समूहमा । रञ्जितको नै लिडरसिप चल्न थाल्यो समूहभित्र पनि । उनीमा संगीतका विशेष गुण थिए । त्यसबेला नै उनी नयाँ-नयाँ कर्ड्स निर्माण गर्थे । डोमिनेन्ट, सब डोमिनेन्ट कर्डमा पनि उनको धेरै राम्रो ज्ञान थियो ।

रञ्जित नेपालमै घरजम र सांगीतिक करिअर निर्माण गर्न चाहन्थे । यही सोच र परिकल्पनाअनुसार सन् १९६६ मा उनी केही साथीहरूका साथमा वीरगन्ज आए । साथी अनुराधा (हाल सीएनएन हिरो) त्यहाँ स्कुल खोलेर बसेकी थिइन् । त्यहाँ इंग्लिस मेडियम स्कुलमा केही समय शिक्षकको रूपमा रहेर सन् १९६७ मा संगीतको केन्द्र काठमाडौंमै आइपुगे । त्यसपछि संगीतकार अम्बर गुरूङको विशेष सहयोगमा उनी रेडियो नेपालको म्युजिसियनसमेत भए । अम्बर गुरूङसँग उनको पुरानो सान्निध्य बल्झियो, रेडियो नेपालमा पनि । नेपाल आएपछि उनीसँगै धेरै उठबस रह्यो संगीतका सन्दर्भमा । केही गीत रेकर्ड र आंशिक वाद्यवादनले मात्र उनको रोजीरोटी चल्ने अवस्था रहेन । रेडियो नेपालमै टिक्ने र स्थायित्व ग्रहण गर्ने अवस्था नै रह्यो । रेडियो नेपालमा भर्खरै मात्र रेकर्डिङ सुरू भएको थियो । एक जोर तबला र एक जोर मादल काँधमा भिरेर मुम्बई हानिए, उनी ।

मेहनत र संघर्षलाई निरन्तरता समर्पण र साधनले यिनलाई छिट्टै बलिउडका सिनेहस्तीसँग सान्निध्य गरायो । त्यहाँ उनी हिमालयन कम्युनिटीमा संलग्न बने । जहाँ हीरा सिंह, मनहरि सिंह, नारायण श्रेष्ठ, लुइस बेंक, डेनी डेन जोङ्पासँग जोडिएर काम गर्ने अवसरहरू पाउँदै गए । पछि उनी उदितनारायणसँग पनि जोडिन पुगे । मनीषा कोइरालासँग पनि यिनको रामै मित्रता रह्यो । यस कार्यमा उनलाई आफ्ना मित्र मनोहरि सिंहले सहयोग गरे । उनको वाद्य सीप र सिर्जनाको शक्तिले पञ्चमदा, आरडी बर्मनसँग नजिक हुने अवसर पाए । उनको अघिल्तिर मादल बजाएर सुनाए । तबला बजाउने मुम्बईमा हजारौं थिए, उनलाई मादलमै बोलहरू सुनाउन भनेबमोजिम नेपाली मादलका अनेकन बोल सुनाए । आरडी त अचम्मित भए । त्यो खालको वाद्ययन्त्र, त्योभन्दा अघि त्यसरी बजाउने मान्छे देखे/भेटेका थिएनन् उनले ।

त्यसपछि त उनले रञ्जितलाई छोड्दै छोडेनन् त्यहीताका संयोग पनि यसरी मिल्यो कि एउटा फिल्म नेपाललाई आधार बनाएर बनाइएको थियो । हरेराम हरेकृष्ण थियो, त्यस फिल्ममा देवानन्दले नायकको भूमिका निभाएका थिए । यस कार्यमा रञ्जित सहयोगी बने । कान्छा रे कान्छी रे, प्रित मेरी सच्ची रूक जान जा दिल तोड्केमा यिनको मादल यसरी पपुलर बन्यो कि सबैले उनलाई सम्झन थाले, मादले कान्छाका रूपमा । आरडी बर्मनले त्यसपछिका उनका सुपरहिट फिल्म सोले, अजनवीमा पनि उनलाई मादल वाद्यवादनका लागि लिए ।

त्यसबेला नेपालमा पनि हिन्दी फिल्मको कतिपय सुटिङ हुने गर्थ्यो । रञ्जितले मुम्बईका डाइरेक्टरहरूलाई नेपाली संस्कृतिका बारेमा पनि जानकारी दिन थाले । हिन्दी फिल्ममा नेपालको सन्दर्भ, नेपाली संस्कृति संस्कारको कुरा आउनबित्तिकै डाइरेक्टरहरूले यिनैलाई सम्झन थाले । मादलको रोल पनि बढ्दै जान थाल्यो । त्यस बेलाका नामुद संगीतकार जतिन ललित, अद्नन सामी आदिसँग पनि यिनले काम गर्ने अवसर पाए । नयाँ-नयाँ सम्बन्धमा बाँधिदै जान थाले, यिनका सुकार्यहरू । धेरै हिन्दी फिल्ममा मादल घन्किन थाल्यो ।

रञ्जितको जीवनमा गायिका आशा भोसलेसँगको सान्निध्य उनको नयाँ जीवनको सुरूआतझैं बन्न पुग्यो । सन् १९८२ मा उनले आशा भोसलेले गाउने एउटा नेपाली गीतको एरेन्जमेन्ट गरे । त्यसपछि त आशा भोस्ले नेपाली गीत भन्नेबित्तिकै सुन्ने, गाउने, अफरमा मन्जुर भइहाल्ने परिस्थिति बन्यो । जब नेपालमा चलचित्र बाँसुरी, कुसुमे रूमाल चल्यो रञ्जितका संगीतले नेपाली चलचित्रमा एउटा बेग्लै छाप छोड्न सफल रह्यो । चलचित्र साइनोको सुन कथा एउटा गीत लोकप्रिय बन्यो । उनले संगीत दिएका चलचित्रहरू बाँसुरी (१९८३), कुसुमे रूमाल (१९८५), वासुदेव (१९८५), साइनो (१९८७), लाहुरे (१९८९), चिनो (१९९१), तृष्णा (१९९१), दुई थोपा आँसु (१९९२), कोसेली (१९९३), दक्षिणा (१९९४), देउता (१९९६), दर्पण छाया (२००१), लहना (२००२), दुई किनारा (२००७), पुकार (१९९६), दर्पण छायाँ (२००१) सम्झना, मायालु, झोडा, अन्याय, फेरि भेटौंला, बेहुली, पिरती, सम्पत्ति, तृष्णा, सपना, अपराध, प्रतिज्ञा आदि हुन् ।

कुसुम र रञ्जित

एक रथका दुई पाँग्रा सरि कुसुम र रञ्जितको जीवन जीवन यात्रामा गुड्दै थियो । श्रीमान श्रीमती भएपनि दुवै एक अर्कालाई श्रष्टा सर्जकको रूपमा सम्मान गर्थे । प्राय हरेक गीत रेकर्ड हुँदा गायनमा आफ्नो गीत कसरी फिट भएको छ भन्ने उत्सुकताले उनलाई रञ्जित संगै स्टुडियोसम्म डोहोऱ्याउँथ्यो । गायकलाई सानु मात्र शाब्दिक र भाषिक कठिनाई भएको सुक्ष्म अनुभूति हुनासाथ पर्यायबाची शब्द प्रयोजनमा साथ् दिन्थिन र समस्याबाट फुत्काउँथिन । यो जोडीलाई मुम्बैका प्रत्येक कलाकारले राम्रैगरी चिन्दथे । नेपालमा खासगरी मोहनी लाग्ला है, कुसुमे रूमाल जस्ता बहुचर्चित गीत लेख्ने गीतकार भनेर दर्शक श्रोताले चिनेका हुन् । उनले लाहुरे, चिनो, वाँसुरी, दुइथोपा आँशु, अपराध, दक्षिणा, दर्पणछाँया आदि अत्यन्तै लोकप्रिय नेपाली चलचित्रहरूमा गीत लेखेकी छिन । ती सबै गीतमा आफ्ना प्राणप्रिय श्रीमान संगीतकार रंजित गजमेरले संगीत दिएका छन् । दार्जिलिङमा विस. २००२ असोज १७ गते जन्मेकी कुसुम लामो समयदेखि मुम्बईमा बस्दै आएकी थिइन् ।

गीतकारकारूपमा नेपाली सिनेमा र सङ्गीत क्षेत्रसँग जोडिएकी उनका शब्दमा आशा भोसले, नारायणगोपाल, उदित नारायण झा, दीपा झालगायतका चर्चित गायक गायिकाले स्वर दिएका छन् । उनी निर्देशक तुलसी घिमिरेकी सासू पनि हुन् । उनका दुई छोरी र एक छोरा छन् । उनका पिरतीको मिठो तिर्सना, सपना सपना मेरो नाउँ सपना, यो बाटो कहाँ जाने हो, साउने झरीमा, तिम्रो मनमा लुकेको कुरा, यो मुटुलाई (नारायण गोपाल), भनीदेउ आज के छ मनमा, लैबरी मेरो मायालु, के सोचें मैंले के भयो ऐले, गहिरो गहिरो सागर जस्तै, पिरती आफै हुँदो रैछ, किन बढ्दै छ ढुक ढुकी मुटुको, पहाडको माथि माथी घुम्दै उडेर जस्ता सयौं चलचित्रका गीतहरू चर्चित छन् नेपाली पार्श्व संगीतमा । रमाईलो के छ भने ति सबै गीतहरूमा रन्जितले नै संगीत गरेका छन् । अरूको संगीतमा उनले थोरै मात्र गीत लेखेकी छिन । यो जोडी टुटेको छ तर यो जोडीले निर्माण गरेका गीतहरू अझै युगौं सम्म गुन्जिनै रहनेछन नेपाली धर्तीमा ।

# गायक एवं वाद्यवादक जिम्बाको निधन



बिस २०२३ साउन ७ गते सर्लाहीमा जन्मिएका नेपाली लोक सङ्गीतका चर्चित बाँसुरी बादक तथा लोक गायक रामबहादुर जिम्बाको गत जेष्ठ २९ गते निधन भएको छ । कलाकार जिम्बा रेडियो नेपालका अधिकृत तहका कर्मचारी हुन् । लोक गीतमा मादल, डम्फु, ढोलक, लगायत पश्चिमी बाद्ययन्त्र एकर्डियन बजाउने बाद्यबादकका रूपमा थिए । उनको जागिरे जीवन बिस २०४० साल देखि रेडियो नेपालमा टेक बेसीस, ज्यालादारी, मासिक पारिश्रमिक, करार हुँदै २०४९ सालदेखि स्थाई बनेका थिए । उनि मायालु होटल जमलमा सांस्कृतिक कार्यक्रममा ४५ साल तिर बाँसुरी बादक कै रूपमा काम गरेका थिए भने सोल्टी होटल लगायतका फाइभ स्टार होटलमा समेत उनले सांस्कृतिक टोलीमा बाँसुरी बादन गरेका थिए । हिजो दिन भरि उनि अत्यन्तै खुशी देखिएका थिए, साथीहरू भन्छन्– उनी हिजो धेरै हाँसेका थिए ।

रामबहादुर जिम्बाले रेडियो नेपालमा ४० भन्दा बढी लोक गीत, र केहि उनको संगीतमा अरू गायक गायिकाले आधुनिक गीत समेत गाएका छन् । रामबहादुरले रेडियो नेपालमा रेकर्ड गरेका गीत मध्ये चुरिमाई कसम खाएर मैले, गाई भैंसीलाई बाँधेको किला माया लाउन मिल्लाकी नमिल्ला आदि चर्चित छन् । उनले केहि लोकगीतहरू समेत संकलन गरेका छन् । उनी माया कुमारी थिङ् र टिका जिम्बाका सन्तान हुन् ।

जिम्माका सबै भन्दा निकट मित्र बरिष्ठ मादल बादक एकराम श्रेष्ठ भन्छन् – 'नेपाली संगीतले एउटा बिशिष्ट श्रेणीको कलाकार गुमाएको छ, म यो बेला अत्यन्त मार्मिक र शोकाकुल छु । राम र मैले ४२ सालदेखिको यात्रामा मैले उसलाई एक जना अत्यन्तै मिलनसार, सहयोगी, कसैलाई नबिझाउने ब्यक्तिको रूपमा पाएको थिएँ ।' रेडियो नेपालका कार्यकारी निर्देशक सुरेशकुमार कार्की, नाकानी श्री भद्र वाग्ले, उप निर्देशकद्वय डा. नवराज लम्साल र टीका भण्डारी लगायत संगीत शाखाका सम्पूर्ण कलाकारहरूले अन्तिम श्रद्धान्जलीका नेपाल प्रज्ञा प्रतिष्ठानमा सहभागी भएका थिए भने संगीतकार संघले संघको झण्डा ओढाएर श्रद्धान्जली अर्पण गरिएको थियो । नेपाल सांगीतिक संघ र नेपाल तामाङ कलासंस्कृति केन्द्रको तर्फबाट संगीतकार मिलन मोक्तानले ५-५ हजार परिवारलाई सहयोग गरेका थिए ।

# संघर्ष र सङ्गीतको सम्मिश्रण पूर्णकला

सुमन पण्डित/म्यूजिकखबर

गुलरिया नगरपालिका वडा नं. १ को एउटा गरीब परिवारमा जन्मिएकी पूर्णकला बिसी पाँच दिदीबहिनी र एक भाइमध्येकी माइली छोरी हुन् । गाउँमा खेतीपाती गरेर परिवारको सुनौलो भविश्यमा जुटेका उनका बुबाआमाले छोरीको प्रगति यति छिट्टै होला भन्ने सोचेका पनि थिएनन् होला । तर छोटो समयमा नै चर्चाको शिखरमा पुग्न सफल भएकी गायिका हुन् पूर्णकला बिसी । २०६५ मा गायिका बन्ने सपना लिएर राजधानी छिरेकी पूर्णकलाको लक्ष्य भनेकै शर्मिला गुरूङजस्तै गायिका बन्नु थियो । गायिका गुरूङका गीतहरू सुनेर उनीजस्तै बन्छु भन्ने सपना मनभरि साँचेर राजधानी छिरेकी पूर्णकलाको जिन्दगी भने त्यति सहज थिएन ।

राजधानी छिरेलगतै उनले जीवनमा धेरै संघर्ष गर्नुपर्‍यो । बाँच्नका लागि धेरै धौ धौ पर्‍यो । आफैं कमाएर राजधानीको कलेजमा पढ्ने उनको लक्ष्य थियो । जसका लागि आफूले जानेको काम भने केही थिएन दोहोरी गाउने बाहेक । तर दोहोरी भन्दा पनि उनी आधुनिक गीतहरू धेरै गाउने गर्थिन् । एकातिर बाँच्नु थियो, अर्कातिर पढ्नु थियो भने परिवारका समस्याहरू पनि आफूसामु उभिएका हुन्थे, विगत सम्झिँदै पूर्णकलाले भनिन्- स्ट्रगलभन्दा पनि बाँच्न गाह्रो पर्दै गयो । राजधानीमा जागिर खोज्दै भौंतारिने क्रममा उनले गोर्खाली दोहोरी साँझमा आधुनिक गीत गाउने अवसर पाइन् । त्यसपछि जिन्दगीका यात्रामा केही सहज हुन थाल्यो उनलाई ।



तिर्सना मेटौला पूर्णकलाको गायनयात्राको सुरुवात थियो । डम्बर नेपालको गीतमा स्वर दिने मौका उनलाई २०६६ मा मिलेको थियो । त्यसपछि उनको गायनयात्रामा जयजय होस्, डाँडै बिसौनी जस्ता गीतहरू पनि आए । उनको गोर्खाली दोहोरीको चार महिने ट्रायल अवधि पनि समाप्त भइसकेको थियो । उनी आधुनिक गाउन दोहोरी छिरे पनि अन्ततः दोहोरी गाउँदा गाउँदै उनको यात्रा पनि दोहोरीमै जम्न थाल्यो । तीन वर्ष दोहोरीमा काम गरिसकेपछि उनले केही गीतमा स्वर दिएपछि गाउँ फर्कने सोचमा थिइन् । उनी राजधानी छिर्दा पनि दुई चारवटा गीत गाउने र गाउँ फर्कने उद्देश्य थियो तर गायक कमल सौराग र कुमार थापाले स्वर राम्रो छ केही समय यतै बस भनेपछि ललितकलामा आफ्नो पढाइलाई थाती राख्दै पर्ख र हेरमा राजधानी बसिन् । उनले गाएका केही गीत चर्चामा रहेपछि उनलाई नसोचेकै भएको थियो । गीत गाउने अवसर मिल्दै गयो जिन्दगीले पनि कोल्टे फेर्दै गयो ।

उनको जिन्दगी जति स्ट्रगलमा बितेको थियो त्योभन्दा सहज संगीत क्षेत्रमा मिलेको अनुभव छ उनीसँग । जिन्दगी भनेको बयान गर्न नसक्ने, परिभाषा नभएको जस्तो लाग्छ उनलाई । कसैको छोरी, कसैको बुहारी, कसैको आमा मात्र हुन्थें होला तर सबैको छोरी भएर गीत गाउने मौका मिलेको छ भने योभन्दा ठूलो के हुन सक्छ र ? गायनबाटै एक दशकको यात्रा पार गरिसकेकी पूर्णकलाका लागि आफ्नै मेहनतले प्रतिस्पर्धा गरिरहेको हुन्छ । चुनौतिपूर्ण सुरुवातबाट सांगीतिक यात्रामा होमिएकी पूर्णकलाका लागि भोलिका दिन अझ चुनौतिपूर्ण बनेको छ ।

पूर्णकलालाई आफूले गाएका सबै गीत राम्रो लाग्छ तर सधैं सुनिरहने बनेको छ 'डाँडैको चौतारी चिन्ने बेला भयो' । धेरैजसो सेन्टिमेन्टल गीतहरू मन पराउने पूर्णकलालाई गाउनका लागि पनि त्यस्तै गीत आउने गरेको छ । त्यस्तै ढुंगेधारामा बोलको गीतले उनको जीवनमा नसोचेको पाइला चालेको छ । स्टेजमा चढेर त्यो गीत गाउँदा धेरै टिप्स मिलेको दिन उनी कहिल्यै बिर्सन सक्दिनन् । हरिदेवी कोइरालाको पाइन खबर, शर्मिला गुरूङको हामफालेर मरौंकी त्रिशुलीको पानीमा जस्ता गीतहरू उनका जीवनमा अविश्मरणीय बनेर गुन्जिने गर्छन् ।

स्कुले जीवनबाटै विभिन्न प्रतियोगितामा गीत गाउँदै गर्दा स्कुलका शिक्षकहरूले तारिफ गर्ने गरेको याद ताजै छ उनीसँग । काठमाडौं छिरेपछि तमु ल्होसारमा दोहोरी गाउँदा प्रथम भएको दिन बेलाबेलामा सम्झने गर्छिन् । बुबा आमाको जति साथ उनको जीवनमा मिल्यो त्यत्तिकै साथ राजधानीमा उनलाई बलबहादुर बिसीको मिलेको छ । पछिल्लो समयमा विभिन्न संघसंस्थामा रहेर पनि सक्रिय भूमिका निर्वाह गर्दै आएकी पूर्णकला बिसी राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालको केन्द्रीय सदस्यसमेत हुन् । त्यस्तै भेरी कलाकार समाजकी उपाध्यक्षसमेत रहेकी पूर्णकलाले पूजा लोकदोहोरी अवार्ड, रापती म्यूजिक अवार्डबाट उत्कृष्ट गायिकाको अवार्ड चुमिसकेकी छिन् । दलित सेवा समाजको सम्मान लगायत विभिन्न सम्मान र पुरस्कार प्राप्त गरिसकेकी उनले चार हजारभन्दा बढी गीत गाइसकेकी छन् । दैनिकजसो ३-४ वटा गीतमा स्वर दिंदै आएकी पूर्णकला पछिल्लो समयकी व्यस्त गायिकाको रूपमा चिनिन्छिन् । जुनसुकै सिजन किन नहोस् उनका लागि समय छुट्याउन गाह्रो पर्छ । पछिल्लो समयको ट्रेन्ड अनुसार अलिकति फ्यूजन गरिएका आधुनिक शैलीका दोहोरी गीतहरूमा पूर्णकलाको बढी डिमान्ड हुने गरेको छ । त्यसो त देशविदेशमा हुने कार्यक्रम हुन् या मुलुकभित्र हुने विभिन्न मेला महोत्सवहरू सबैमा उनलाई निम्तो आउने गरेको हुन्छ । गीतहरू चल्दै गएपछि चुनौतिबाट चर्चाको शिखरमा पुगेकी गायिका पूर्णकलालाई पुराना दिनहरूलाई फर्केर हेर्नुपर्ने अवस्था भने सिर्जना भएको छैन ।

## स्रष्टाको नजरमा पूर्णकला

### शर्मिला गुरुङ, गायिका



नेपालको चर्चित लोकदोहोरी गायिका मात्र नभएर धेरै राम्रो स्वर भएकी गायिका हुन् । पछिल्लो समय आधुनिक शैलीलाई पछ्याउँदै लोकदोहोरीमा प्रवेश गरे पनि उनको स्वरको म पनि फ्यान नै हुँ । मिठास अनि सुमधुर स्वरको धनी पूर्णकला बिसीका गीतहरू सबैको प्रिय पनि बनेका छन् । लोकदोहोरीमा अहिलेको जस्तै निरन्तरता लागिरहने हो भने उनी उदाहरणीय गायिका रुपमा पछिल्लो पुस्ताले प्राप्त गर्न सक्छ भन्ने मैले बुझेको छु ।

### बी.बी. अनुरागी, संगीतकार



पछिल्लो चरणमा पूर्णकला बिसी भनेपछि एउटा चर्चित गायिकाको रूपमा परिचित नाम हो । राष्ट्रियस्तमा ख्याति कमाएकी गायिका पूर्णकला गीतसंगीतमा योग्यता क्षमता भएकी गायिका हुन् । उनको एउटा विशेषता भनेको स्वरको रेन्ज राम्रो धेरै राम्रो छ । हाइ र लो स्केलमा गाउनसक्ने क्षमता हो । आजभोलिका गीतहरू धेरै इस्केलमा गाउनुपर्ने हुँदा त्यस्तो गीतलाई पनि उनको स्वर फिट हुन्छ । त्यस्तै अर्को विशेषतामा रोमान्टिक र सेन्टिमेन्टल गीतमा मिल्ने स्वर उनीभित्र छ । सुमधुर स्वरकी धनी पूर्णकला दोहोरी पारखीको लागि उत्कृष्ट प्रतिभा हो ।

### रमेश बिजी, गीतकार



पूर्णकला बिसी संघर्षशील एवं मेहनेती गायिकाको रूपमा मैले लिने गरेको छु । आवाजको हिसाबले अब्बल दर्जाको गायिका हो । अहिलेको बजारमा गायिकाको मूल्यांकन गरिहँदा टप ५ भित्र पर्ने स्वर पूर्णकलासँग देखिन्छ । गरिब परिवारबाट संघर्ष गर्दै गायनमा उच्च स्थान बनाउन सफल गायिका पूर्णकला क्षमतावान् गायिकाको रूपमा मैले लिएको छु । कलामा पूर्ण भएकी पूर्णकला सांगठनिक रूपमा सक्रिय गायिका, संस्थाले लगाएको जिम्मेवारीमा ध्यानपूर्वक लाग्न सक्ने क्षमता र अग्रजको सम्मान गर्न जान्ने गायिका हो ।

### बद्री पंगेनी, गायक



एकदमै मेहनती गायिका हुन् पूर्णकला बिसी । असाध्यै सुरिलो स्वर, मिठासपूर्ण स्वर भएकी गायिका हुन् । दोहोरी गायनमा सक्रिय गायिकाहरूमा पूर्णकला फरक किसिमको गायिका लाग्छ मलाई । उनको स्वरले हाइ र लो स्केल दुबैलाई म्याच गर्छ । जस्तो प्रकारको गीतमा पनि उनको स्वरले माधुर्यता थप्ने काम गर्छ । सबै प्रकारको स्वरमा गाउन सक्ने क्षमता भएकी गायिका पूर्णकला संस्थागत रूपमा पनि अति नै सक्रिय गायिका हुन् ।

### वसन्त थापा, गीतकार



पूर्णकला बिसी एकदमै राम्रो गायिका हो । स्वरलाई हाइ अक्टेव र लो अक्टेवमा खेलाउन सक्ने गायिकामध्येमा पूर्णकला अग्रस्थानमा नै छिन् । पछिल्लो समय चर्चाको शिखरमा रहेकी पूर्णकलाको गायकी क्षमता देखेर लोभ लाग्छ । संघर्षशील गायिका पूर्णकलाको समुधर स्वर दोहोरी गीतका लागि पर्फेक्ट लाग्छ । पछिल्लो समय लोकदोहोरी गीतहरू हाइ स्केलमा गाउनुपर्ने हुँदा पूर्णकलालाई सबैले अफर गर्छन् । आधुनिक बेशबाट गायनमा भित्रिएकी गायिका पूर्णकलाले सेन्टिमेन्टल र रोमान्टि फ्लेबरका गीतहरूलाई सहज र सरल ढंगबाट गाउँदाको मिठासले सबैलाई लोभ्याउने गर्छ ।


प्रस्तोता समाज नेपालको अनुरोध

गायक, गायिका एवम् प्रस्तोताहरुको रोयल्टी संकलन तथा वितरण कार्यलाई व्यवस्थित बनाउनका लागि विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) बाट उपलब्ध WIPOCOS Software यस सामाजले कार्यान्वयनमा ल्याइसकेको हुँदा सम्पूर्ण गायक, गायिका एवम् प्रस्तोताहरुलाई आफ्नो प्रस्तुतिको सम्पूर्ण विवरण यस समाजको कार्यालयमा उपलब्ध गराउन तथा रोयल्टी संकलन गर्नका लागि यस समाजसँग सम्झौता गर्न अनिवार्य भएकोले यस समाजको सदस्यता लिन, नविकरण गराउन तथा सम्झौता गर्न बाँकी रहनुभएका गायक, गायिका एवम् प्रस्तोता सदस्यहरुलाई यथासक्य छिटो सदस्यता सम्बन्धी सम्पूर्ण प्रक्रिय पूरा गरिदिनुहुन सूचित गरिन्छ ।

अनामनगर, काठमाडौं, फोन: ०१-४२४५७४२
इमेल: performersnepal@hotmail.com
वेभ: www.performersnepal.org.np

प्रस्तोता समाज नेपाल (PERFORMERS SOCIETY OF NEPAL (PSN)

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

# मौलिकतामा रमाउने राजन



गायक राजन गुरूङ आफूलाई मौलिकतामा रमाउने गायक भनेर चिनाउने गर्छन् । मुलुकको संस्कृतिमा मौलिकता हुनुपर्छ, आयातित संस्कृतिमा मुलुकको स्वाद हुँदैन र आफ्नो गाउँको माटो सुहाउँदो गीत नभए लोकगायक हुनुको अर्थ हुँदैन उनी भन्ने गर्छन् । आकाशैमाथि जहाजै उड्यो, पारी शितल बनैमा, बोली तोतेतोते, दशैं तिहार आयो, माफ गरिदेउ सानु, म जन्मेको घान्द्रुक गाउँ जस्ता लोकप्रिय गीतबाट आफूलाई लोकगायनको यात्रामा होमेका गुरूङ यतिबेला भने उही खोलीमा पानी बोलको गीतबाट चर्चामा छन् ।

पछिल्लो समय लोकदोहोरीमा पनि 'फास्ट फुड' जस्तै गीतको बाढी आएको भए पनि आफूले भने मौलिकता छाडेर कहिँ जान नसकेको बताउँछन् गायक राजन । साथीभाइलाई सधैं हँसाइरहने स्वाभावका गायक गुरूङको स्वर पनि उत्तिकै मिठासयुक्त छ । यतिबेला बजारमा चर्चा बटुलिरहेको गीत उही खोलीमा पानी उही खोलीमा माछा पनि उनको जीवनको सर्वाधिक हिट गीतको सूचिमा पर्छ । वसन्त थापाको भाका र केशव पौडेलको शब्दमा तयार भएको यो गीतमा उनलाई देवी घर्तीले साथ दिएकी छन् । गीतले सामाजिक सञ्जाल, रेडियो टेलिभिजनमा उत्तिकै चर्चा बटुलिरहेको छ ।

कास्की जिल्लाको पर्यटकीय गाउँ घान्द्रुकमा २०३६ असोज २० गते बुबा दुधबहादुर गुरूङ र आमा बालकुमारी गुरूङको पहिलो सन्तानका रूपमा धर्तीमा पाइला टेकेका हुन् गायक राजन गुरूङले । हजुरबुबा पदम बहादुर गुरूङ र हजुरआमा लक्ष्मी गुरूङको माया ममतामा पहिलो गीतको रूपमा भने पारी शितल बनैमा रेकर्ड गरेका हुन्, जसमा दीपक खड्काको शब्द र दिपेन्द्र ठकुरीको लय रहेको थियो । त्यसपछि निरन्तर गीतसंगीतको क्षेत्रमा एकपछि अर्को गीतको चर्चा बटुल्ने अघि बढेका गायक राजनले गुरू ठाकुरप्रसाद जैसी, हरिप्रसाद न्यौपाने, तेजबहादुर केसी र अमर विरही गुरूङलाई प्रेरणाको स्रोत नै मान्दै आएका छन् । उनलाई मन पर्ने गायकका रूपमा लोकबहादुर क्षेत्री, नारायण रायमाझी र प्रेमराजा महत हुन् भने गायिकामा विमा कुमारी दूरा, शर्मिला गुरूङ र विष्णु माझी मन पर्ने गर्छन् । गायक राजनलाई मन पर्ने सर्जकहरू भने एकनारायण भण्डारी, रमेश बीजी, वसन्त थापा, शिव हमाल र प्रल्हाद सुवेदी हुन् ।

गायक राजन गीतसंगीतसँगै व्यवसायलाई पनि उत्तिकै महत्व दिन्छन् । चितवनमा साथीभाइसँग मिलेर द ब्रदर्श नामक कम्पनी संचालन गरिरहेका राजनले सो कम्पनीमार्फत् कार वास, कार डेकोरेशन, बाइक रिकण्डिशन, फटसल जस्ता काम गरिरहेका छन् । २०७० सालमा द ब्रदर्श क्रियशन म्यूजिक कम्पनी खोलेर गीतसंगीतको व्यवसायीसमेत बनेका उनले संगीत क्षेत्रमा पनि ठूलो लगानी गर्ने गायकका रूपमा परिचित छन् ।

त्यसो त गायक राजन नेपालमा लोपोन्मुख प्रजातिका रूपमा रहेको गिद्ध संरक्षणमा पनि सक्रिय छन् । नवलपरासीको कावासोतीमा गिद्ध संरक्षणका लागि खोलिएको जटायू रेष्टुरेन्टका उनी संस्थापकसमेत हुन् । आफ्ना बुबाआमा, श्रीमती अमृतादेवी गुरूङ, दुई छोरा अजन र प्रज्वनका साथमा सुखद

> पछिल्लो समय लोकदोहोरीमा पनि 'फास्ट फुड' जस्तै गीतको बाढी आएको भए पनि आफूले भने मौलिकता छाडेर कहिँ जान नसकेको बताउँछन् गायक राजन । मौलिकता भनेको माता हुन्, जसले मुलुकको कलासंस्कृतिको संरक्षण गरेको छ र आफ्नो पहिचान बनाएको छ त्यसैलाई बिर्सिएर पाश्चात्य शैलीमा लोकदोहोरीलाई फ्यूजन गर्न थालिएको छ, उनले भने – अरुले जे गरुन् म भने मौलिकतालाई साथ लिएर अघि बढ्छु ।

बाल्यकाल बिताएका गुरूङले पारिवारिक बसाइँ सराइपछि नवलपरासीको शान्ति कुञ्ज उमाजिबाट ०५७ सालमा एसएलसी दिएका हुन् । भरतपुरको सप्तगण्डकी क्याम्पसमा आइकम पढ्दादेखि नै गीतसंगीतका विभिन्न कार्यक्रमहरूमा भाग लिँदै आएका गायक गुरूङले पहिलो स्थानलाई नै कायम राख्दै आएका थिए । सबैको हौसला र प्रेरणाले उनको सांगीतिक यात्रालाई अगाडि बढाएको थियो ।

'आमा रूँदै गाउँबेसी मेलैमा छोरा रूँदै गोरखपुर रेलैमा' गायक लोकबहादुर क्षेत्रीको यो गीत उनको सांगीतिक जीवनको प्रेरणाको स्रोत हो । लोकबहादुर क्षेत्रीका मौलिक गीतहरूले उनलाई पनि मौलिकतातर्फ तानेको हो । वि.सं. २०५८ सालतिर राजधानी छिरेका उनले गीतसंगीतको क्षेत्रमा धेरै नै संघर्ष गर्नुपर्‍यो । संगीत क्षेत्रमा घुलमिल हुने क्रममा उनको वाद्यवादक साधुराम रोकासँगको घनिष्ठता बढ्यो । उनीसँग स्वर थियो तर सुर तालको अभाव थियो । त्यसलाई संगीत क्षेत्रका व्यक्तित्वहरूसँगको सहकार्यले अगाडि सुरतालको ज्ञान प्राप्त हुँदै गयो । २०६१ सालमा जीवन बिताइरहेका गायक राजन गीतसंगीत, व्यवसायसँगै समाजसेवामा पनि सक्रिय देखिन्छन् । ०७२ सालको महाभुकम्पमा नुवाकोटको मनकामना गाविस, चितवनको चेपाङ बस्ती, धादिङ विभिन्न ठाउँहरूमा रू.२० लाखभन्दा बढीको राहत वितरणसमेत गरेका उनले समाजमा आइपर्ने विभिन्न घटनाक्रमहरूमा सक्रिय रूपमा आफ्नो उपस्थिति देखाउँदै आएका छन् । सेवा नै धर्म हो भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै अघि बढेका गायक राजन सांगीतिक यात्रामा भने आफ्नो श्वास रहेसम्म निरन्तरता दिने अठोट गर्छन् । पछिल्लो समय लोकदोहोरीको क्षेत्रमा खडेरी पर्दै गएको मौलिकपनले भने उनलाई पिरोल्ने गर्छ । मौलिकता भनेको माता हुन्, जसले मुलुकको कलासंस्कृतिको संरक्षण गरेको छ र आफ्नो पहिचान बनाएको छ त्यसैलाई बिर्सिएर पाश्चात्य शैलीमा लोकदोहोरीलाई फ्यूजन गर्न थालिएको छ, उनले भने – 'अरूले जे गरून् म भने मौलिकतालाई साथ लिएर अघि बढ्छु ।'

–सुमन बैरागी/म्यूजिकखबर

तस्विरः प्रेम थापा










निरञ्जली तामाङ
मोडल
वर्ष १, अंक १६, २०७४ असार १
www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक
तस्विर: नवीनबाबु गुरुङ
स्ट्रिट नेपाल

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

## फिल्मी खबर

# पोखराकी कालीसँग गजित

म्यूजिकखबर । अभिनेता गजित विष्ट यतिबेला पोखराकी कालीसँग रोमान्स गरिरहेका छन् । फिल्म ' पोखराकी काली' मा अभिनेत्री निशा अधिकारीसँग र उनले



अनस्क्रिन रोमान्स गर्दै गरिरहेका छन् । चलचित्र 'मायोज बार'बाट नेपाली रजतपटमा जोडीको रूपमा उदाएका नायक गजित बिष्ट र नायिका नीशा अधिकारी साता बर्षपछि फेरि एकसाथ पर्दामा देखिएका छन् ।

यी दुइको मुख्य भूमिका रहेको चलचित्र 'पोखराकी काली'को हाल धमाधम चितवनमा छायांकन भैरहेको छ । विमल पौडेलको लेखन तथा निर्देशनमा तयार भैरहेको यो चलचित्रमा विश्वासको लगानी छ ।

चलचित्रलाई पूर्ण कमेडी बिषयमा निर्माण गरिनेछ । चलचित्रमा गजित र निशाको अलवा सरोज खनाल, लय संग्रौला, सुवास गजुरेल, सुरबीर पण्डित, मनोज श्रेष्ठ, विरेन डीसी लगायतका कलाकारको पनि अभिनय छ । रेड हाउसको ब्यानरमा यो चलचित्र निर्माण भैरहेको छ । संचारकर्मी रवि अधिकारी चलचित्रका कास्टिङ डीरेक्टर हुन् । चलचित्रको छायांकन ४० दिनमा सक्ने निर्देशक पौडेलको भनाई छ । चलचित्रमा बिपिन आचार्यको संगीत, कमल राईको नृत्य, लक्ष्मण घिमिरेको छायांकन, रबि बराली र प्रकाश कर्माचार्यको एक्सन छ ।

# गाउँपालिकामा केकी

स्थानीय निकायको चुनावको माहोल छ यतिबेला । कोहि नगरपालिका र कोहि गाउँपालिकातिर व्यस्त भइरहेको यो समयमा नायिका केकी अधिकारी भने गाउँपालिका तिर होमिएकी छिन् । गाँउपालीकाको



बिषयमा पनि निर्माण हुने भएको चलचित्र ' गाउँपालिका'मा केकीले अभिनय गर्ने भएकी हुन् । राज्य पुनर्संरचना भए सँगै छाएको अन्यौल अवस्थामा जनतालाई नयाँ स्थानीय तहहरूबाट हुने बिभिन्न कामको जानकारी दिने उद्धेश्यले यो चलचित्र निर्माण हुन लागेको हो ।

दाङमा आयोजना गरिएको एक कार्यक्रममा कलाकार तथा निर्माता निर्देशक सरोज ओलीले चलचित्रको बिषयमा बिभिन्न जानकारी गराए जुन चलचित्रमा रवि गिरी, नायिका केकी अधिकारी, गौरब पहाडी लगायत कलाकारको अभिनय रहने कार्यक्रममा जानकारी दिइयो ।

एकै छातामुनी

-अडियो/भिडियो
-कभर डिजाइन एण्ड प्रिन्टिङ
-डविङ एण्ड प्याकिङ
-मिडिया प्रमोशन
-विमोचन कार्यक्रम

शुभकामना मिडिया सोलुशन
पुतलीसडक, काठमाडौं ०१-४०१०५४५

# शान्तिप्रियलाई राष्ट्रिय चलचित्र पत्रकारिता सम्मान

म्यूजिकखबर । छाँयाछवि क्रिएसनले हेटौंडामा आयोजना गर्न लागेको नवौं संस्करणको 'डी सिने अवार्ड'को मनोनयन सार्वजनिक भएको छ । आगामी असार २२ गते हुन लागेको अवार्डका लागि आयोजकले हेटौडामा नै पत्रकार सम्मेलनमार्फत मनोनयन सार्वजनिक गरेको हो । आयोजकका अनुसार वर्ष २०७३ मा प्रदर्शनमा आएका ८६ फिल्ममध्ये ५५ फिल्मले यसवर्षका अवार्डका लागि आवेदन दिएका थिए । जसमध्ये २९ विधाअन्तर्गत उत्कृष्ट ५ मनोनयन सार्वजनिक गरिएको हो ।

संस्थाका अध्यक्ष शान्तिप्रियले यस अवार्डले फिल्म क्षेत्रमा लागेकोहरूलाई हौसला प्रदान गर्ने र नेपाल फिल्ममा नयाँपन भित्रिनेमा आफू विश्वस्त रहेको बताए । सल्लाहकार नरेन्द्र महर्जनले हेटौंडाको सन्दर्भमा अवार्ड आयोजना हुनु आफैंमा महत्वपूर्ण रहेको भन्दै यसलाई भव्य र सभ्यरूपमा सम्पन्न गर्नका लागि आफूहरूले सकारात्मक भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाए ।




अवार्ड संयोजक तथा सञ्चारकर्मी मणिराज गौतमले पछिल्लो समय मकवानपुर फिल्मको हबको रूपमा विकास हुँदै गएको अवस्थामा फिल्म क्षेत्रको प्रबर्द्धनमा अवार्डले महत्वपूर्ण भूमिका खेल्ने बताए । उनका अनुसार अवार्डमा नेपालका चर्चित करिब एकसय ५० कलाकारहरू हेटौंडमा आउनेछन् ।

स्थानीय संयोजक तथा फिल्मकर्मी सुशान्त श्रेष्ठले अवार्ड सम्पन्न गर्न आफूहरू तयारीमा जुटिसकेको बताउँदै अवार्डमा चर्चित कलाकार हरूको सांस्कृतिक कार्यक्रमसमेत रहने बताए । उनका अनुसार हेटौंडाको लायन्स क्लब अफ युथले अवार्डलाई सफलतापूर्वक सम्पन्न गर्न सहकार्य गर्ने बताए । निर्णयकको तर्फबाट संगीतकार सन्तोष श्रेष्ठले निष्पक्ष तरिकाले आफूहरूले चलचित्र हेरेर मूल्याकंन गरेको बताउँदै आफूहरूको निर्णय सन्तोषजनक रहनेमा विश्वस्त रहेको बताए ।

## अवार्डको नोमिनेशन यसप्रकार छ:

**१) उत्कृष्ट ५ एनिमेशन**
१. मनोज श्रेष्ठ - लुट २
२. रूपक परियार र सागर गहतराज - लप्पन छप्पन
३. उज्ज्वल ढकाल - जंगे
४. मधुकर वलामी - द फेमश
५. अनन्त घिमिरे - द वीनर

**२) उत्कृष्ट ५ ध्वनि मिश्रण**
१. उत्तम न्यौपाने - लुट २
२. सुनयमान श्रेष्ठ - छक्का पञ्जा
३. मनोजराज भण्डारी - जात्रा
४. उत्तम न्यौपाने - गाजलु
५. रमेश भट्टराई - द वीनर

**३) उत्कृष्ट ५ पार्श्व संगीत**
१. किरण तुलाधर - तीन घुम्ती
२. शैलेश श्रेष्ठ - गाजलु
३. रोहित शाक्यरशैलेश श्रेष्ठ - जात्रा
४. एलीस कार्की - के म तिम्रो होइन र
५. सुजील कर्माचार्य - छक्का पञ्जा

**४) उत्कृष्ट ५ केमियो**
१. निश्चल बस्नेत - लुट २
२. निश्चल बस्नेत - लप्पन छप्पन
३. उत्तम प्रधान - दर्पण छायाँ २
४. श्याम अर्याल - लालजोडी
५. राजेश हमाल - विजुली मेसिन

**५) उत्कृष्ट ५ द्वन्द्व निर्देशक**
१. एन.वि महर्जन - जय पर्शुराम
२. राजकुमार उप्रेति - लुट-२
३. हिमाल केसी - निर्भय
४. सम्राट बस्नेत - जंगे
५. चन्द्र पन्त - नमस्ते नेपाल

**६) उत्कृष्ट ५ बाल(कलाकार**
१. साइब्रत आचार्य - छायाँ
२. प्रविना खतिवडा - छायाँ
३. लाक्पा सिंगे लामा - डाईङ क्याण्डल
४. नवीन भुजेल - उमंग
५. रंञ्जन डाँगी - वृन्दावन

**७) उत्कृष्ट ५ हाँस्यकलाकार**
१. केदार घिमिरे - छक्का पञ्जा
२. बुद्धि तामाङ - छक्का पञ्जा
३. रविन्द्र झा - जात्रा
४. गोपाल ढकाल - नमस्ते नेपाल
५. ज्योति काफ्ले - लालजोडी

**८) उत्कृष्ट ५ खलपात्र**
१ दीपकराज गिरी - छक्का पञ्जा
२ बिकाश चापागाईं - निर्भय
३ कामेश्वर चौरशिया - पलास
४ अर्पण थापा - बीर बिक्रम
५ शिशिर भण्डारी-सुन्तलीलाई भगाई लग्यो झिल्केले

**९) उत्कृष्ट ५ नृत्य निर्देशक**
१ कविराज गहतराज- म त तिम्रै हुं', म त तिम्रै हुं
२ कविराज गहतराज - पूर्ब पश्चिम, छक्का पञ्जा
३ बसन्त श्रेष्ठ - सोझै हो', जय पर्शुराम
४ बिक्रम स्वांर - ठमेल बजार', लुट-२
५ गोबिन्द राई - लेकै जाने'ब्रासलेट

**१०) उत्कृष्ट ५ गीतकार**
१. अमृत रेग्मी - उनी आकाशबाटै - किस्मत-२
२ कालीप्र बासकोटा डुँगा चलाउने माझी.. पुरानो डुँगा
३ लक्ष्मण सुवेदी - घिटी घिटी'लालजोडी
४ आकाश अधिकारी - पागल', के म तिम्रो होईन र
५ एकनारायण भण्डारी - यता सिउँदा उता.., बाजिगर

**११) उत्कृष्ट ५ गायिका**
१. अञ्जु पन्त – पूर्व पश्चिम - छक्का पञ्जा
२. मिना निरौला - ठमेल बजार - लुट २
३. मेलीना राई - शिरैमा शिरबन्दी - हाउफन्नी
४. सहिमा श्रेष्ठ - तिम्रो पिक्चर हिट - किस्मत २
५. मिलन अमात्य - आाखालाई के दोष ' - राधा

**१२) उत्कृष्ट ५ गायक**
१. कृष्ण काफ्ले - देखन चम्पा - छक्का पञ्जा
२. राजेश पायल राई - आकाशैमा - दर्पणछायाँ २
३. काली प्र. बासकोटा - नीरा जैले रिसाउनी - काली
४. युवराज चौलागाँई - मेरो जिन्दगीमा - ब्रासलेट
५. दीपक लिम्बु - म त हुन्छु जस्तो - जयपर्शुराम

**१३) उत्कृष्ट ५ संगीतकार**
१ अर्जुन पोखरेल - उनी आकाशबाट',किस्मत-२
२ राजनराज शिबाकोटी - पूर्व पश्चिम',छक्का पञ्जा
३ दीपक शर्मा - देखन चम्पा', छक्का पञ्जा
४ कालि प्र. बासकोटा - ठमेल बजार' लुट-२
५ कालि प्र. बासकोटा - जहिले रिसाउनी 'पुरानो डुँगा

**१४) उत्कृष्ट ५ सम्वाद**
१ दीपकराज गिरी - छक्का पञ्जा
२ प्रदीप भट्टराई - जात्रा
३ लक्ष्मण सुवेदी - लालजोडी
४ हेमराज बिसी - गाजलु
५ देब नेपाल - मेरो देश

**१५) उत्कृष्ट ५ पटकथा**
१ रामबाबु गुरूङ - पुरानो डुँगा
२ निश्चल बस्नेत - लुट-२
३ प्रदीप भट्टराई - जात्रा
४ दीपकराज गिरी - छक्का पञ्जा
५ हेमराज बिसी - गाजलु

**१६) उत्कृष्ट ५ कथा**
१. उदय सापकोटा सुरेन - मेरो देश
२.रामबाबु गुरूङ - पुरानो डुंगा
३. प्रदिप भट्टराई - जात्रा
४. मनोज पण्डित - छायाँ
५. हेमराज विसी - गाजलु

**१७) उत्कृष्ट ५ नवनायिका**
१ मरिष्का पोखरेल - के म तिम्रो होईनर
२ श्रृष्टी श्रेष्ठ - गाजलु
३ दीया पुन - बीर बिक्रम
४ एलिशा राई - लुट-२
५ सहारा कार्की - दर्पणछायाँ-२

**१८) उत्कृष्ट ५ नव(नायक**
१ आर्यन अधिकारी - के म तिम्रो हैन र
२ महेशमान श्रेष्ठ - द वीनर
३ पृथ्वीराज प्रसाई - किस्मत-२
४ आकाश श्रेष्ठ - म त तिम्रै हुँ
५ सुगम गुरागाई - ब्रासलेट

**१९) उत्कृष्ट ५ नव-निर्देशक**
१. दीपाश्री निरौला - छक्का पञ्जा
२ प्रदीप भट्टराई - जात्रा
३ हिक्मत बिष्ट - द वीनर
४ उत्कल थापा - जँगे
५ अपिल बिष्ट - झुम्की

**२०) उत्कृष्ट ५ चरित्र अभिनेत्री**
१ बसुन्धरा भुषाल - छक्का पञ्जा
२ गौरी मल्ल - गाजलु
३ गौरी मल्ल - के म तिम्रो हैन र
४ अरूणा कार्की - छायाँ
५ रश्मी भट्ट - सुन्तलीलाई भगाई लग्यो झिल्केले

**२१) उत्कृष्ट ५ चरित्र अभिनेता**
१ सरोज खनाल - दर्पण छायाँ-२
२ प्रकाश घिमिरे - जात्रा
३ शिशिर राणा - बीर बिक्रम
४ नविन श्रेष्ठ - उहिले बाजेको पालामा
५ अमितेष शाह - बाजिगर

**२२) उत्कृष्ट ५ सह-अभिनेत्री**
१ बर्षा राउत - छक्का पञ्जा
२ सुस्मिता केसी - म त तिम्रै हुँ
३ मलिना जोशी - झुम्की
४ मेनुका प्रधान - गाजलु
५ श्रद्धा प्रसाई - दर्पण छायाँ-२

**२३) उत्कृष्ट ५ सह-अभिनेता**
१ कर्मा - लुकामारी
२ जीतु नेपाल - छक्का पञ्जा
३ सलोन बस्नेत - गाजलु
४ सुशान्त कार्की - तीन घुम्ती
५ रामबाबु रेग्मी - उमँग

**२४) उत्कृष्ट ५ सम्पादक**
१ सुरेन्द्र पौडेल - लप्पन छप्पन
२ सुरेन्द्रपौडेल - गाजलु
३ बिपिन मल्ल - छक्का पञ्जा
४ बनिश शाह र भूपेन्द्र अधिकारी- निर्भय
५ उज्ज्वल ढकाल - जँगे

**२५) उत्कृष्ट ५ छायाँकार**
१ पुरूषोत्तम प्रधान - छक्का पञ्जा
२ पुरूषोत्तम प्रधान - लप्पन छप्पन
३ शैलेन्द्रध्वज कार्की - गाजलु
४ सुसन प्रजापति - जँगे
५ रामशरण उप्रेती - निर्भय

**२६) उत्कृष्ट ५ अभिनेत्री**
१ प्रियंका कार्की - छक्का पञ्जा
२ मेनुका प्रधान - पुरानो डुंगा
३ रिश्मा गुरूङ - झुम्की
४ गरिमा पन्त - तीन घुम्ती
५ शिल्पा पोखरेल - किस्मत-२

**२७) उत्कृष्ट ५ अभिनेता**
१ दयाहाङ राई - बीर बिक्रम
२ बिपिन कार्की - जात्रा
३ माओत्से गुरूङ - पुरानो डुंगा
४ निखिल उप्रेती - निर्भय
५ सौगात मल्ल - लुकामारी

**२८) उत्कृष्ट ५ निर्देशक**
१ हेमराज बिसी - गाजलु
२ निश्चल बस्नेत - लुट-२
३ रामबाबु गुरूङ - पुरानो डुँगा
४ मिलन चाम्स - बीर बिक्रम
५ मधुसुधन भट्टराई - निर्भय

**२९) उत्कृष्ट ५ चलचित्र**
१ छक्का पञ्जा - आमा सरस्वती गीतादेवी फिल्मस
२ जात्रा - षटकोण आर्ट्स प्रोडक्सन
३ गाजलु - रोहित अधिकारी फिल्मस् र विसी मोसन पिक्चर्स
४ लुट-२ - प्रिन्सेस मुभि रल्ब्याक हर्स पिक्चर्स
५ पुरानो डुंगा - सिनेमा आर्टस प्रोडक्सन, माउत्से गुरूङ फिल्मस्

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक
वर्ष १, अंक १६, २०७४ असार १



# 'तिमी मन पर्‍यो भनेर गीत गाएको उहाँ त सिरियस नै हुनुभएछ'

## मन्जु पौडेल, गायिका



***तपाईं आफूलाई गायिका, नायिका वा कार्यक्रम प्रस्तोता के भनेर चिनाउनुहुन्छ ?***

म कलाकार मन्जु पौडेल हुँ। दर्शकस्रोताले जसरी चिन्नुभएको छ म त्यही मन्जु पौडेल हुँ। म पहिला त एउटा राम्रो कार्यक्रम प्रस्तोता हुँ। त्यसपछि गायिकाको परिचय दिन्छु। पछिल्लो समयमा मैले अभिनयको पाटोमा पनि हात हाल्दैछु। चलचित्र 'पोखराकी काली'मा सानो भुमिका निर्वाह गरेकी छु। शोभित बस्नेतको ' बाबु कान्छा'मा पनि अफर आएको छ, स्क्रिप्ट चित्त बुझे काम गर्नेछु। अब यसमा दर्शक श्रोताले के भनेर चिन्नुहुन्छ, मेरो परिचय त्यहि नै हो। मलाई त्यसमै खुशी मिल्नेछ।

***भनेपछि उद्घोषिका हुँदै गायिका बनेकी मन्जु पौडेल अब अभिनयमा पनि तर यतिबेला उचित होला ?***

मलाई अभिनयका लागि पहिला पनि धेरै अफर आएका हुन्। तर रिजेक्ट गर्दै आएको हुँ, धेरै दर्शक श्रोता र फ्यानहरूको सुझाव र चाहना अनि मेरो व्यक्तिगत चाहनाले पनि यतिबेला अभिनय तिर मन गएको छ। हेरौं के हुन्छ ?

***गायिका बनेर सन्तुष्ट मिलेन ? किन अभिनयतिर ?***

अत्यन्तै सन्तुष्ट छु। फेरि अभिनयमा मोडिने बितिकै अब गायन र उद्घोषणलाई चटक्क छाड्ने पनि त हैन। जसरी उद्घोषण गर्दा गर्दै गायनतिर पनि हात हालें र उद्घोषलाई छाडिन, त्यसरी नै अभिनयमा हात हाले।

***मन्जु पौडेलले गीत गाउन र स्टेज पर्फम गर्न पनि सक्छिन् है भन्ने सिग्नल चाहिं कहिले थाहा पाउनु भयो ?***

म गायिका र प्रोग्राम पर्फर पनि बन्न सक्छु भन्ने सिग्नल मेरो बाल्यावस्थाले नै देखाएको थियो। विद्यालयमा हरेक शुक्रबार हुने अतिरिक्त कार्यक्रममा कविता सुनाउँथे, गजल गीत गाउँथे। कार्यक्रम सञ्चालन पनि गर्थे। त्यो नै मेरो गायिका तथा स्टेज पर्फर बन्ने शुरूवाती तर बलियो प्रमाण हो। फेरि आमा पनि राम्रो गीत गाउने भएकाले पनि होला तिजमा खुबै गीत गाइन्थ्यो।

***अनि कसरी शुरु भयो त उद्घोषण र गायनको यात्रा ?***

बुटवलमा आरजे टेनिङ आयोजना गरिएको थियो, जसमा उत्कृष्ट हुनेलाई रोजगारको पुरस्कार राखिएको थियो। २०६० सालमा भएको सो ट्रेनिङमा उत्कृष्ट भएर बुटवल एफएममा काम गर्ने मौका पाएँ। त्यसपछि २०६५ सालमा म काठमाडौं आएँ। काठमाडौं आएपछि स्टार एफएममा काम गरेँ। त्यसपछि नेपाल टेलिभिजनमा कार्यक्रम प्रस्तोताको रूपमा काम गरेँ। गीतसंगीतको कार्यक्रम संचालन गर्दै जाँदा मलाई गीतसंगीतको पनि मोह बढ्यो र गायनतर्फ पनि मोडिएँ। २०६२ सालमा पहिलो पटक मैले तीज गीत रेकर्ड गराएको थिएँ। बिरहको तिज बोलको उक्त गीतले तत्कालीन संकटकालीन समयलाई सम्बोधन गरेको थियो। त्यसपछाडि यो मितिसम्म आइपुग्दा मैंले ४ वटा एल्बम ल्याएकी छु भने ३५ वटा जति गीतमा स्वर दिएको छु। संख्यात्मक हिसाबले हेर्ने हो भने यो न्युन नै हो तर पनि गुणात्मक र चर्चाका हिसाबले मलाई खुशी दिएका छन् मेरा गीतहरूले।

***उद्घोषण र गायन कुन सजिलो ?***

उद्घोषणमा त्यहाँको बस्तुस्थिति, आयोजक, अडियन्स जानेर काम गर्नुपर्छ। यसमा अत्यन्तै चुनौतीहरू हुन्छन्। कार्यक्रम सफल बनाउनुमा कार्यक्रम सञ्चालकको पनि ठुलो हात हुन्छ। मलाई उद्घोषण भन्दा गायन नै सजिलो लाग्छ।

***अधिकांश दोहोरी गीत गाउनुभएको छ है। कस्तो गायिकाको रुपमा चिनाउन चाहनुहुन्छ आफुलाई ?***

हो मैंले धेरै दोहोरी गाएकी छु। तर यो भन्दैमा मैंले लोकदोहोरी मात्रै गाएकी छैन। भर्खरै राष्ट्रिय भावनाले ओतप्रोत भएको 'म त नेपालकी छोरी' बोलको आधुनिक गीत पनि गाएकी छु। जसमा नारायण कँडेलको शब्द रहेको छ भने सुगम संगीतका प्रिय संगीतकार सन्तोष श्रेष्ठको संगीत रहेको छ। दोहोरी बाहेकका गीतमा पनि न्याय गर्न सक्छु, गाउन सक्छु भने कसरी लोकदोहोरी गायिका मात्र भनेर आफ्नो परिचयलाई साँघुरो बनाउँ। जस्ट गायिका मात्र हुँ, कलाकार हुँ।

***दोहोरी गायनमा अडियन्स तताउनलाई उच्छृंखल शब्द प्रयोग गरिन्छ नि ?***

सर्वप्रथम दोहोरी खेलिनु भनेको रमाइलोका लागि हो। गीत गाउँदा अनुशासनमै बसेर गीत गाउन जरूरी छ। अडियन्सले जिब्रो टोक्ने खालको गीत गाएकी छैन। मेरो सहकर्मीले अपाच्य शब्द र भावमा गीत गाएको अवस्थामा परिस्थिति नै डाइर्भट गरिदिन्छु। एकले अर्कालाई छेडखानी गर्दा र उत्तर दिंदा साम्य भएर रमाइलो हुने किसिमले गीत गाउने गरेकी छु। फेरि हरेक क्षेत्रमा त्यसको नकारात्मक र सकारात्मक अर्थ हुन्छ। त्यस्तै दोहोरी गीतमा गाइने शब्दहरूले पनि दोहोरो अर्थ बोकेका हुन्छन्। हामीले सकारात्मक अर्थले बुझ्नु पर्छ। गीत गाउँदा यस्ता शब्द अहिले मात्र प्रयोग भएका हैनन्। पहिला पहिला पनि यस्ता शब्दहरू प्रयोग हुन्थे। जस्तै 'छोरी भन्दा आमा तरूनी, लिपिस्टक पाउडरले' जस्ता गीतलाई हामीले सहज किसिमले लियौं भने लाइभ दोहोरीमा रमाइलोका लागि प्रयोग हुने शब्दहरूप्रति सकारात्मक नै हुन जरूरी छ।

***लाइभ दोहोरी गाउँदा लान्छु र लैजान्छु भन्दैजाँदा, प्रस्तुति पछि असहज परिस्थितिको सामना गर्नुपरेको छ कि छैन ?***

छ नि, नेपालको धनगढीमा भएको कार्यक्रममा र सिंगापुरमा मलाई यस्तो स्थिति भएको छ। अडियन्समा रहेका एक व्यक्तिलाई देखाएर यो मान्छे मन पर्‍यो भनेर दोहोरी गाएकी थिएँ। कार्यक्रमपछि उहाँ त सिरियस भएर गेटमा कुरेर बस्नु भएको रहेछ। जुन परिस्थितिले मलाई असहज भएको थियो। उहाँलाई सम्झाउन निकै गाह्रो भएको थियो। यो मेरो लागि अविष्मरणीय क्षण पनि हो।

***विदेशका कार्यक्रमहरुमा जाने कलाकारको पक्तिंमा धेरै नै पर्नुहुन्छ ? के कारणले आयोजकको रोजाईमा पर्नुहुन्छ ?***

पहिलो कुरा एक व्यक्ति दुई काम भएकाले पनि म रोजाइमा पर्ने गरेकी हुँला भन्ने मलाई लाग्छ। कार्यक्रम सन्चालन सहित गीत गाउँछु। दोहोरी, लोक पप, आधुनिक गीत गाउन सक्छु। अर्को कुरा म पोजेटिभ थिंकको कलाकार हुँ। सरल छु, आयोजकसँग सहज भइदिन्छु। त्यसैले रोजाइमा पर्दै आएकी छु। एकपटक बोलाउनु भएको आयोजकले प्राय रिपिट गर्नुभएको छ मलाई। यो छोटो सांगीतिक करियरको अवधिमा १६ वटा भन्दा बढी देश पुगिसकेकी छु।

***गीत गाएर बाँच्ने स्थिति छ त ?***

आर्थिक हिसाबले चुनौती छ। अहिले अडियन्सले गुड सिंगर सँगै गुड पर्फर चाहन्छ। त्यसैले पफर्मेन्स राम्रो हुने कलाकारलाई बाँच्न कठिन छैन। तर स्टुडियोमा मात्र गाउने कलाकारलाई गाह्रो छ।

***यो ठाउँसम्म आइपुग्दा कत्तिको संघर्ष गर्नुपर्‍यो ?***

संघर्ष गरेरै यहाँसम्म आएकी हुँ। कुनै पनि सफलता पाउनको लागि मेहनत गर्न पर्छ नै। अझै पनि म स्ट्रगलकै पिरेडमा छु। स्थापित हुनका लागि निरन्तर आफ्नो कार्यक्रमा लगनशील भएर लागिरहेको छु। तर म लक्की कलाकारको पक्तिंमामा पर्छु, मैले जे गर्छु त्यो कुरालाई मेरा दर्शक श्रोताले स्किारिदिनुहुन्छ।

***यस्तै सफलता र चर्चा  पाइएला भनेर सोच्नु भएको थियो ?***

गायन क्षेत्रमा बिल्कुलै चर्चा र सफलता सोचेकी थिइनँ। केहि अंश उद्घोषणका लागि ठिक छु जस्तो लागेको हो। एकसे एक राम्रा स्वर भएका गायिकाहरूको भिडमा मैंले  कुनै अपेक्षा बिना नै रहरै रहरमा गीत गाउन थालें। यदि मेरा गीतहरू नचलेका भए पनि मलाई गाह्रो हुने थिएन।

***अहिले बजारमा जस्ता पनि गीतसंगीत आइरहेको छ नि, यसलाई कसरी लिनुहुन्छ ?***

यो पनि एउटा विकास हो। गीतसंगीतको निर्माणमा प्रविधिको विकासलाई सदुपयोग गरेर नयाँ नयाँ गीतसंगीत निर्माण भइरहेका छन्। तर हामीले गीत संगीत बजारमा ल्याउँदा कि लोकप्रिय बन्नुपर्‍यो कि भने मौलिकतालाई प्रमुखतामा राख्नुपर्‍यो। विकाससँगै विसंगति आउनु भनेको सामान्य हो। तर यहाँ एकथरी कलाकार यस्ता छन् कला र गला भन्दा पनि उनीहरू पैसाको भरमा चर्चा कमाउन खोजेका हुन्छन्। पैसाकै भरमा गीत सबै मिडियामा बजाइरहने र मेरो गीत एक नम्बर छ भन्ने, न्यु हट सङ भन्दै युट् युवमा हाल्ने। व्यक्ति व्यक्तिको नाममा युट्युव च्यानल हुनु र आफ्नो युटुयुवमा भिवर्स बढाउनकै लागि ग्ल्यामर र भल्गार किसिमका फोटो राखेर उस्तै उत्तेजक हेडिङ राखेर युट्युवमा गीत राखिएको हुन्छ। यो सबै नेपाली गीत संगीतभित्रका विकृती हुन्।

***यस्तो विकृति रोक्न के गर्नुपर्ला ?***

गीतसंगीतमा सफल हुनलाई भनेको कला र गला कै आवश्यकता हुन्छ। मलाई त गीतसंगीतमा पनि सेन्सर बोर्ड भइदिए हुन्थ्यो जस्तो लाग्छ। सर्जक आफैंले गीतसंगीतको क्राइट एरिया के कति हो, त्यो अनुसार पाइला चाल्नुपर्छ।  हरेक व्यक्ति व्यक्ति सचेत हुनुपर्छ। २ दिन बजार पिट्ने गीतले, मेरो जीवन कट्दैन भन्ने बुझ्नु पर्छ। फेरि बिकृती रोक्नलाई मिडियाको पनि रोल हुन्छ, त्यसता सिर्जनालाई मिडियामा ठाउँ दिइएन भने पनि विकृति रोक्नलाई सजिलो हुनेछ।

***तपाईंको चाहिं युट्युव च्यानल छैन र ?***

अहिले प्रविधिको जमानामा, व्यक्ति व्यक्तिको नाममा युट्युव छन् भने म पनि एक संघर्षशिल गायिका हुँ। मेरो पनि बि.एम.एस. फिल्मस् नामको युट्युव च्यानल छ। जसमा मैंले भिवर्स बढाउनकै लागि गलत प्रक्रिया अपनाएकी छैन। मेरा फ्यानहरूले बि.एम.एस. फिल्मस् खोलेर मेरा गीतहरू सुन्न र हेर्न सक्नुहुनेछ।

प्रस्तुतिः सविता पोखरेल

# किरण, विवेक, वसन्ती र चन्द्रबहादुरलाई अनुपमको सम्मान

**म्यूजिकखबर**/पोखरा। अनुपम म्युजिक पोखराले हरेक वर्ष प्रदान गर्ने अनुपम म्युजिक अवार्ड यस वर्ष सङ्गीतकार किरण कँडेललाई प्रदान गरिने भएको छ। त्यसैगरी, हरेक वर्ष प्रदान गरिने अनुपम सङ्गीत सम्मानबाट गायक विवेक श्रेष्ठ र गीतकार वसन्ती लालचनलाई सम्मान गरिने भएको छ। यस्तै, तीर्थहरि स्मृति प्रतिष्ठानद्वारा स्थापित तीर्थहरि समाजसेवा अवार्ड समाजसेवी चन्द्रबहादुर गुरूङलाई प्रदान गरिने भएको छ। गायक रामभक्त जोजिजूको संयोजकत्वमा समाजसेवी वीरेन्द पालिखे र गीतकार रेशम रचक सदस्य तथा अनुपम म्युजिकका प्रबन्ध निर्देशक अनुराग अधिकारी र सचिव रूपिन्द प्रभावी पदेन सदस्य रहेको प्रतिभा छनोट समितिको सिफारिसमा उहाँहरूलाई सम्मान गर्न लागिएको हो।

अनुपम म्युजिकद्वारा आगामी असार ३ गते पोखरा उद्योग वाणिज्य सङ्घको सभाहलमा आयोजित चौथो अनुपम साङ्गीतिक साँझका अवसरमा उक्त अवार्ड र सम्मान प्रदान गरिने आयोजकले जनाएको छ।  सयौं गीतमा सङ्गीत तथा हजारौं गीतमा सङ्गीत संयोजन गर्नुभएका किरण कँडेलले काठमाडौंमा रहेर झण्डै ३ दशकदेखि सङ्गीत साधना गरिरहनुभएको छ। प्रज्ञा साउन्ड रेकर्डिङ स्टुडियोका सञ्चालकसमेत रहनुभएका कँडेलले नेपाली साङ्गीतिक क्षेत्रमा महत्वपूर्ण योगदान दिनुभएको भन्दै अवार्ड प्रदान गर्न लागिएको आयोजकले जनाएको छ। यस्तै, दुई दशकदेखि पोखराबाट नेपाली सङ्गीतका क्षेत्रमा योगदान पुऱ्याउँदै आउनुभएका गायक विवेक श्रेष्ठ कन्दरा ब्यान्डका मुख्य गायक हुनुहुन्छ। हङ्कङ पोखरा..., तगारोमा रूमाल राखी..., म आफैं धमिलो...लगायत चर्चित गीतका गायक श्रेष्ठका कन्दरा ब्यान्डबाट ५ ओटा र उत्सव नामक एकल आधुनिक गीति एल्बम स्रोतामाझ आइसकेका छन्। त्यसैगरी, गीतकार वसन्ती लालचनले रचना गर्नुभएका क्या राम्रो स्याउबारी..., घान्द्रुककी ठिटी म...., धौलागिरी अञ्चल....लगायतका गीतहरू चर्चामा छन्। उहाँको २०६० मा सपनाको गाउँ एल्बम बजारमा आएपछि गाउँका गीतहरू निर्माण हुने परम्पराको थालनी भएको मानिन्छ।






किरण कँडेल  विवेक श्रेष्ठ  वसन्ती लालचन  चन्द्र ब. गुरुङ

यसै बीच, यस वर्षदेखि प्रदान गरिने तीर्थहरि समाजसेवा अवार्डबाट सम्मानित हुन लाग्नुभएका चन्द्रबहादुर गुरूङले पाहार ट्रस्ट नेपालको स्थापना गरी नेपालका विभिन्न जिल्लाका ग्रामीण क्षेत्रमा सामुदायिक विद्यालय भवन निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ। लमजुङमा जन्मेर पोखरालाई कर्मथलो बनाउनुभएका गुरूङले नेपालको शिक्षा र समाजसेवाका क्षेत्रमा पुऱ्याउनुभएको योगदानको कदर गर्दै सो अवार्ड प्रदान गर्न लागिएको अनुपम म्युजिकका प्रबन्ध निर्देशक अनुराग अधिकारीले जानकारी दिनुभयो।

कार्यक्रममा गायक विवेक श्रेष्ठ, कर्म ग्याल्छेन, किरण कँडेल, रामभक्त जोजिजू, पशुपति गुप्ता, ध्रुव तामाङ, रोशनी गुरूङ, तमन्ना गुरूङ, श्रीधरण कँडेल, सन्तोष प्रधान, सुदिप गुरूङलगायत पोखरा, काठमाडौं र दार्जिलिङका कलाकारको साङ्गीतिक प्रस्तुतीसहित एकल नृत्य प्रतियोगिताको फाइनल चरण पनि प्रस्तुत गरिने सचिव रूपिन्द्र प्रभावीले जानकारी दिनुभयो। साथै, सो अवसरमा पोखरेली नारी कलाकारहरूको संस्था हार्मोनी द मोर्डन सङ स्ट्रेसका कलाकारहरूको विशेष प्रस्तुती रहेन बताइएको छ।

www.musickhabar.com
म्यूजिक खबर
Musickhabar Fortnightly Magazine पाक्षिक

## रेडियो टेलिभिजनका संचालकहरुले भने

# 'हामी रोयल्टी तिर्न तयार छौं'




म्यूजिकखबर । संगीत रोयल्टी संकलन समाज नेपालले राजधानीमा संचालित एफएम रेडियो एवं टेलिभिजनहरूसँग अन्तरक्रिया गरेको छ । राजधानीको होटल ल्याण्डमार्कमा कार्यक्रमको आयोजना गरी एफएम रेडियो र टेलिभिजनका सरोकारवालाहरूसँग अन्तरक्रिया गरी प्रतिलिपी अधिकार र रोयल्टी व्यवस्थापनका बारेमा अन्तरक्रिया गरेको हो । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयको सहकार्यमा रोयल्टी संकलन समाज नेपालले आयोजना गरेको उक्त कार्यक्रममा हिट्स एफएमका शनी श्रेष्ठ, रेडियो अडियोका दिपेन्द्र खनिया, सगरमाथा रेडियोका लक्ष्मणनाथ उप्रेती, इमेज एफएमका तपनाथ शुक्ला, नेपाल टेलिभिजन कार्यक्रम महाशाखाका रविन्द्र घिमिरे लगायतका सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

त्यसैगरी रोयल्टी संकलन समाजका अध्यक्ष सुरेश अधिकारी, प्रस्तोता समाज नेपालका अध्यक्ष तुलसी पराजुली, संगीत उत्पादक समाज नेपालका अध्यक्ष निर्मल ढकाल, संगीत उद्योग संघका अध्यक्ष सूर्य मगर, संगीतकार संघ नेपालका अध्यक्ष लक्ष्मण शेष, संगीतकला पत्रकार संघकी उपाध्यक्ष विनिता मरहट्ठा लगायतका संगीत क्षेत्रसँग सम्बन्धित संघसंस्थाहरूको प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

अन्तरक्रिया कार्यक्रममा बोल्दै रेडियो अडियोका दिपेन्द्र खनियाँले आफूले रोयल्टी दिने कामको सुरूवात गरेको भन्दै अब रोयल्टी सबै रेडियो, टेलिभिजनले दिनुपर्ने र व्यवस्थापनका विषयमा छलफल गरेर अघि बढ्न सबै रेडियो टेलिभिजनलाई आग्रह गरेका थिए । त्यस्तै इमेज टीभी तथा एफएमका तर्फबाट तपनाथ शुक्लाले रोयल्टी तिर्न सबै राजी हुनुपर्ने र आफ्नो संस्था पनि राजी रहेको बताएका थिए । यसलाई सुरूवातका केही अप्ठ्याराहरूलाई हल गर्दै अगाडि जान आफ्नो संस्था तयार रहेको बताउँदै रोयल्टीको व्यवस्थापनमा साथ दिने बताए ।

त्यसैगरी नेपाल टेलिभिजनका तर्फबाट रविन्द्र घिमिरेले आफूहरू रोयल्टी दिन तयार रहेको बताउँदै गीतसंगीतको व्यापार टेलिभिजनले नगरेका कारण कसरी तिर्ने भन्नेमा अन्यौल रहेको बताए । टेलिभिजनले कुनै पनि गीत बजाउन लैजाँदा रोयल्टी दाबी गर्ने छैन भनी कागज गराउने गरेको भन्ने जिज्ञासामा घिमिरेले आफूखुशी बजाइदिनुस् भन्दै आउनेलाई त्यो कागज गरिएको भए पनि रोयल्टी नदिने भनिएको छैन भने । भाषामा त्रुटी भयो होला भन्दै उनले आगामी दिनमा सच्याएर अघि बढ्ने बताए ।

त्यसैगरी रोयल्टी संकलन समाजका अध्यक्ष सुरेश अधिकारीले सम्पूर्ण उपस्थिति रेडियो, टेलिभिजनका सरोकारवाला निकाय, पत्रकारहरूबीच स्वागत गर्दै रोयल्टी तिर्दा धेरै फाइदा रेडियो टेलिभिजनले प्राप्त गर्ने उल्लेख गरे । अधिकारीले धेरै देशका उदाहरणहरू दिँदै अब गीतसंगीतको सार्वजनिक प्रयोग गर्ने वा व्यवसायिक प्रयोजन गरी गीत बजाउनेहरूले आफ्नो व्यवसायजस्तै गीतसंगीतको पनि व्यवसाय हो भन्ने बुझ्नु पर्ने बताए । रोयल्टीको व्यवस्थापनमा आफूहरूले कुनै कसुर बाँकी नराखेर अन्तर्राष्ट्रिय मापदण्ड अनुसार अगाडि बढेको बताउँदै अब रेडियो टेलिभिजन मात्र नभएर होटल, रेस्टुरेन्ट, दोहोरी साँझ, डान्सबार, डिपार्टमेन्टल स्टोर, सार्वजनिक यातायात सबै क्षेत्रबाट सार्वजनिक प्रयोग गरेवापतको रोयल्टी बुझाउनुपर्ने समय आएको बताउँदै कलाकारले पनि बाँच्नका लागि आफ्नो गीत सिर्जना गरेका हुन् भन्ने सबैले बुझ्नुपर्ने बताए । कार्यक्रममा प्रतिलिपि अधिकार रजिष्ट्रार कार्यालयकी निमित्त रजिष्ट्रार सुष्मा पोखरेलले कार्यपत्र प्रस्तुत गरेकी थिइन् भने कार्यक्रम रोयल्टी समाजका महासचिव महेश खड्काले संचालन गरेका थिए ।

# पालुङ्टारका दुई बच्चालाई फाउन्डेसनको छात्रवृत्ति

म्यूजिकखबर । दर्ता भएको १ वर्ष नपुग्दै छोटो समयमा नै गायक बिरही कार्कीले संचालन गरेको सामाजिक सस्था फुलामायाकार्की फाउन्डेसनले बिभिन्न सामाजिक कार्यहरू गर्दै समाज प्रति आफ्नो भूमिका निर्बाह गरेको छ ।



फाउण्डेशनका तर्फबाट अहिलेसम्म असाह्य, बेसाहारा ७ जना बालबालिकाहरूलाई निःशुल्क पढाउने योजना अन्तर्गत गोरखाको पालुङ्टारमा रहेको ठाँटीपोखरी बालज्योती इंग्लिस बोडिङ स्कुलमा पढाउने गरि २ जना बालबालिकाहरू संजोग कार्की र संजय खत्री अनि सहाराको घर अन्तर्गत चितवनको शान्ति बिध्या मन्दिरमा पढाउने गरि २ जना बालबालिका अंशु सहारा र अदिृष्टि सहाराको नाम छनौट गरि सार्बजनिक गरिएको कुरा सस्थाका अध्यक्ष बिरही कार्कीले जानकारी दिए । हामीले चालेको सामाजिक कामले अरूलाई पनि प्रभाव पर्ने, सकारात्मक र सहयोगी समाज निर्माणमा सहयोग पुग्ने कार्कीले बताए ।

फाउण्डेशनले यसभन्दा अघि भरतपुर अस्पतालमा उपचार गराएकी सुस्त मनस्थिती भएकी बालिका शोभा श्रेष्ठ, क्यान्सर रोगबाट पिडीत काभ्रेका रामकुमार लामा, फोक्सो सम्वन्धि रोगबाट पीडित बनेर उपचार गराइरहेका लोक तथा दोहारी गायक सागर बोहोरा, दुबै खुट्टा नभएका धरानका मिनबहादुर तामाङ, साउदीमा मृत्युदण्डको सजाय सुनाइएका काभ्रेका रामचन्द्र तिमिल्सिनालाई आर्थिक सहयोग गरेको छ ।

त्यस्तै गरि मातातीर्थ औंसीको अवसर पारी देवघाटमा रहेको देवघाट समाज कल्याण केन्द्र (वृद्धाश्रम) लाई आर्थिक सहयोग, बालबालिकाको हकहितको लागि सेवा गरिरहेको सहाराको घर, उत्पीडित र अपहेलित महिला र बालबालिकाको लागि लडिरहेको मन्जु असहाय संरक्षण केन्द्र लगायत दोहोरी गीत प्रतिष्ठानको भवन निर्माण, मनकामना मन्दिरको जीर्णोद्धारमा आर्थिक सहयोग गरेको अध्यक्ष बिरही कार्कीले जानकारी दिए । फाउण्डेशनमा हालसम्म ५५ जना आजिवन सदस्य छन् ।

# कल्याणकारी कोषको कार्यविधि तयार



म्यूजिकखबर । संगीतकार संघ नेपालको सातौ बार्षिक साधारणसभा प्रसिद्ध संगीतकार दिपक जंगमको प्रमुख आतिथ्य र संस्कृति मन्त्रालयका सहसचिव भरतमणी सुवेदीको बिशिष्ट आतिथ्यमा सम्पन्न भएको थियो । संघका अध्यक्ष लक्ष्मण शेषको सभापतित्वमा भएको उक्त कार्यक्रममा उपस्थिति अतिथिहरूले संगीतकार संघ नेपालका गतिबिधीले नेपाली श्रष्टा सर्जकको हक अधिकार स्थापीत गर्न महत्वपूर्ण भूमिका खेलेको बताएका थिए । अतिथिहरूले गीत संगीतसँग सम्बन्धित सबै संघ संस्थालाई समन्वय गरी नेतृत्वदायी भूमिका निर्वाह गरेको भन्दै संगीतकार संघले थालेका सर्जकको हक अधिकार सँगै सुरक्षा, सहयोग र कल्याण गर्ने अभियानप्रति साथ र समर्थन रहने पनि बताए ।

प्रमुख अतिथि जंगमले संगीतकार संघले कुरा हैन काम गरेर देखाउने गरेको भन्दै बर्तमान नेतृत्वबाट धेरै आशा राखेको बताए । कार्यक्रममा संगीतकार संघका संरक्षक समेत रहेका संगीत नाटय एकेडेमीमा उपकुलपति शम्भुजित बाँसकोटा, संगीतकार शक्ति बल्लभ, संगीत रोयल्टी संकलन समाज नेपालका अध्यक्ष सुरेश अधिकारी, संगीत कला पत्रकार संघका अध्यक्ष सुमन पण्डित लगायतले शुभकामना मन्तब्य दिएका थिए । साधारणसभामा संगीतकार संघले मातृभूमिको सेवा, समाजिक सदभाव र एकता अनि संगीतकर्मी कल्याणकारी कोष बृद्धिका लागि मेचिमहाकाली सांगीतिक यात्रा गर्ने जानकारी पनि दिइएको थियो । साधारणसभाले संगीतकर्मी कल्याणकारी कोषको कार्यविधि पारित गरेको छ ।

महासचिव महेश खडकाले आफ्नो वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए भने कोषाध्यक्ष हरि लम्सालको आर्थिक प्रतिवेदन सभाले सर्बसम्मत पारित गरेको थियो । सोही कार्यक्रममा संगीतकर्मी कल्याणकारी कोषका सहयोगी दाता हरूलाई सम्मान गरिएको थियो । त्यस अबसरमा संघका प्रेस सल्लाहकार समेत रहेका गीतकार लोकराज अधिकारी र कानुनी सललाहकार समेत रहेका गीतकार राम भटटराईलाई बिशेष सम्मान गरिएको थियो । नेपाली गीतसंगीत क्षेत्रको उत्थान, संगीतकर्मीहरूको हक अधिकार स्थापना र संगीतकर्मीका लागि कल्याणकारी कर्म गरे बापत दुई गीतकारलाई सम्मान गरिएको हो ।

त्यसैगरी सिटिजन्स बैंक, रोटरी क्लव अफ न्युरोड सिटी, म्यूजिक संसार प्राली, बिन्ध्यबासिनी फाउन्डेशन, श्रुति संगीत विद्यालय लगायतका संस्थालाई पनि बिशेष सम्मान गरिएको थियो । कार्यक्रममा दाताहरूको तर्फबाट ९ बर्षिया बालकलाकार याङ्गसु श्रेष्ठले बोलेकी थिइन । उनले आफूले गीत गाएर कमाएको पैसाको केहि हिस्सा भन्दै कल्याणकारी कोषमा खुत्रुके सहित हस्तान्तरण गर्दा अग्रजहरूको आँखामा आशु देखिएको थियो । नेपाली संगीत क्षेत्रका सबै बिधाका सर्जकहरूलाई आपत बिपत पर्दा सहयोग गर्ने उदेश्यले कल्याणकारी कोष स्थापना गरिएको हो ।

कार्यक्रममा संघका संरक्षक एवं प्रसिद्ध संगीतकार शम्भुजित बाँसकोटाले कोषलाई ५० हजार सहयोग गर्ने घोषण गरेका थिए । संगीतकार संघका संरक्षक संगीत नाटय एकेडेमीमा उपकुलपति बाँसकोटाले एकेडेमी सधै संगीतकर्मीको साथमा रहेको बताउँदै छिट्टै सेलीब्रेटी कार्ड स्रष्टाको हातमा आउन लागेको जानकारी दिएका थिए ।

त्यस्तै कार्यक्रममा नेपाल मेडिकल कलेजका तर्फबाट बोल्दै डा. प्रकाश पौडेलले अबदेखि संगीतकर्मी बिरामी पर्दा नेपाल मेडिकल कलेजमा आबद्ध जुन कुनै अस्पतालमा लाग्ने सबै खर्चको पचास प्रतिशत अनिवार्य छुट दिने र अवस्था हेरी सतप्रतिशत छुट दिइने निर्णय भएको जानकारी दिए । डा. पौडेलले संगीतकारहरूको स्वास्थ्य परीक्षणमा पनि क्याम्प संचालन गर्नका लागि आफूहरू तयार रहेको बताउँदै गीतसंगीतको क्षेत्रमा लागेका कलाकारहरूलाई सकेको सहयोग गर्ने बताएका थिए ।

# समीरको 'द हर्ट बिट'




म्यूजिकखबर । गायन समीर लिम्बू 'द हर्ट बिट' नामक एल्बम लिएर श्रोता तथा दर्शकमाझ आएका छन् । समीरको उक्त सोलो एल्बमलाई राजधानीमा एक समारोबीच बरिष्ठ संगीतकार प्रकाश गुरूङ, राजु सिंह, बसन्त सापकोटा, गायिका कुन्ति मोक्तानलगायतले सार्वजनिक गरे । एल्बम सावजनिकपछि गायक समीरको संगीत गुरू समेत रहेका प्रमुख अतिथि प्रकाश गुरूङले भने, 'समीरको स्वरमा मिठास छ । उनले यस क्षेत्रमा केही गरेर देखाउन सक्छ ।' गुरूङले आफूसँग पहिलोपटक संगीत सिक्न आउँदा नै समीरमा गायनमा भविष्य देखेको भन्दै प्रशंसा गरेका थिए ।

कार्यक्रममा बोल्दै गायक समीर पाँच वर्षयता निरन्तर संगीत साधना गर्दै आएको र त्यसको प्रतिफल 'द हर्ट बिट' भएको बताए । उनले 'द हर्ट बिट' आफ्नो पहिलो एल्बम भएकाले केही आगामी दिनमा सुधार्दै जाने पनि बताए । उनले भने, 'यो मेरो पहिलो एल्बम हो । यसका लागि धेरै मिहिनेत छु । यो मेरो सांगीतिक करिअरको 'टर्निङ प्वाइन्ट' पनि हो । त्यसैले यहाँहरूले माया तथा हौसला दिनुहोला ।' समीरको संगीतकार राजु सिंह र गायिका कुन्ति मोक्तानले पनि प्रशंसा गरेका थिए । समीरको स्वरमा मिठास रहेको भन्दै राजुले भने, 'समीर नेपाली सांगीतिक क्षेत्रमा एक नक्षत्रका रूपमा उदाएका छन् ।'

०६५ सालदेखि स्टेज र कभर सङ गाउँदा–गाउँदै गायनमा होमिएका समीरको 'द हर्ट बिट'मा पछिल्लो समयका चर्चित संगीतकारको संगीत रहेको छ । राजनराज सिवाकोटी, ताराप्रकाश लिम्बु, कमल खत्री, प्रमोद मोक्तान, कमल रसाइँली, कुसल राईजस्ता संगीतकारको संगीतका तयार भएको 'द हर्ट बिट'मा तिम्रो त्यो, मायामा, तिमीले त, धरान पुर्व, म त डुबे, वैशैमा र सोल्टिनी जस्ता गीत समावेश छन् । जसमा कमल रसाइली, प्रमोद मोक्तान, कमल खत्री, सुमोन गजमेर, बिआर मित्र, यासेली योङहाङ र गायक सयंमको शब्दरचना रहेको छ । सञ्चारकर्मी याङ्जोम शेर्पाले सञ्चालन गरेको उक्त एल्बम सार्वजनिक समारोहलाई तेह्रथुमे ढाका बुटिकले को–स्पोन्सर गरेको थियो । अतिथिहरूलाई तेह्रथुमे ढाकाकै कादाले स्वागत गरिएको थियो । समीरको 'द हर्ट बिट' लाई ब्ल्याक इन्टरटेनमेन्टले बजारमा ल्याएको हो ।

SCREENNEPAL #1 Nepali Entertainment Portal
साप्ताहिक फिल्मी खबर हरेक बिहीबार, मनोरञ्जनको सूचना र समाचार
म्यूजिक डायरी Music Diary
STREETNEPAL.COM total newsportal

# अनिताले चुमिन् मिस मंगोलको ताज



म्यूजिकखबर । एक्सन इन्टरटेनमेन्टद्वारा आयोजित मिस मंगोल नेपाल २०१७ को उपाधि सिन्धुपाल्चोककी १७ वर्षीया अनिता लामाले चुमेकी हुन् । राजधानीमा शनिबार आयोजित प्रतियोगितामा आफ्ना २९ प्रतिष्पर्धीलाई उछिन्दै शिर्ष उपाधीसहित उनले एक लाख रूपैयाँ पुरस्कार हात पारेकी छन् । उनले मिस पञ्चुअलको उपाधि समेत हात पार्न सफल भइन् । भविश्यमा वकिल बन्ने लक्ष्य लिएकी अनितालाई अभिनेता नीर शाह, पूर्वप्रहरी महानिरिक्षक कुबेर सिंह राना, स्टान्टर्ड चार्टड बैंकका सीइओ जोसेफ सिल्भानस, मगर समाज सेवा केन्द्रका अध्यक्ष मानबहादुर बुढामगर, अभिनेता भुवन केसी, चलचित्र निर्देशक मिलन चाम्स एवं अभिनेत्रीद्वय सरिता लामिछाने र दिया पुनसम्मिलित निर्णायक मन्डलले विजेता छनोट गरेका हुन् ।

प्रतियोगीतामा अनितालाई पछ्याउँदै बाग्लुङकी २३ वर्षिया खुसी मगर र धरान सुनसरीकी १८ वर्षिया श्वेता थापामगर क्रमशः फस्ट र सेकेन्ड रनरअप घोसित भए । भविश्यमा एन्टरप्रेनर बन्ने लक्ष्य लिएकी फस्ट रनरअप खुसीले बीबीए पुरा गरेकी छन् । हाल बैंक अफ काठमाडौंमा कार्यरत उनले मिस फोटोजेनिकको उपाधि पनि आफ्नो पक्षमा पारिन् । त्यसैगरी सेकेन्ड रनरअप श्वेता भारतको बैंङलोरस्थित राजिव गान्धि कलेजमा एमबीबीएस दोस्रो वर्षमा अध्ययनरत छिन । खुसी र श्वेताले क्रमशः ५० र २५ हजार रूपैयाँ पुरस्कार प्राप्त गरे ।

मिस मंगोल नेपाल २०१७ मा १७ जिल्लाका ३० प्रतियोगी अन्तिम प्रतिष्पर्धामा उत्रिएका थिए । जसमा रसुवाकी भुमिका थापा मिस लिडरसिप, रामेछापकी रेभा सुनुवार मिस पर्सनालिटी, धनकुटाकी निशा लिम्बु मिस बेस्ट हेयर, काभ्रेकी रेनुका लामा मिस बेस्ट स्किन, सुनसरीकी निशा राई मिस डिस्सिप्लिन, सुनसरीकै महिमा राई मिस फ्रेन्डसिप, काठमाडौंकी केट्रिन कुलुङ मिस पब्लिक च्वाइस र बागलुङकी करूना पुन मिस ट्यालेन्ट घोसित भए ।

प्रतियोगितामा सहभागीहरूलाई कोरियोग्राफर रोजिन शाक्यले चार साता विभिन्न विषयमा प्रशिक्षण दिएका थिए । त्यसैगरी मिस मंगोल नेपालकी सीईओ सुम्निमा देवानका साथै पुर्ण लामा, राजभाई सुवाल, रेनु वाजा लामा, कपिल तमोट, वर्षारानी गुरूङ, गुराँस लिम्बु, सौम्या गुरूङलगायत विभिन्न व्यक्तिहरूले पनि आआफ्नो क्षेत्रमा कक्षा दिएका थिए । सिंगापुर इन्टरप्राइजेजको शीर्ष प्रायोजनमा भएको प्रतियोगतिामा वायो हुस्की, हट सिक्स इनर्जी ड्रिंक, स्काई एजुकेसन कन्सल्टेन्सी, सल्भ एण्ड केयर, मिसुमी कस्मेटिकलगायतको साथ रहेको थियो । मिस मंगोलको यो नवौं संस्करण हो । यसअघि प्रीति गुरूङ, डा. निमा पुन, अनिस्ता गुरूङ, मुस्कान लिम्बु, सपना रोका, सुम्निमा देवान, वर्षारानी गुरूङ र सृष्टि राजकर्णिकारले शीर्ष उपाधि चुमेका छन् ।



## अभिनयका पारखी सुमन

सुमन खतिवडा अभिनयका पारखी हुन् । नृत्यमा पोख्त रहेका उनी यतिबेला म्यूजिक भिडियोमा आफूलाई व्यस्त बनाउँदै आएका छन् । फोस्रे गाउँपालिका गल्छी धादिङमा २०४९ पुस ४ गते जन्मिएका सुमनको लक्ष्य भनेकै सफल कलाकार बन्ने हो । गाउँबाट एसएलसी दिएर काठमाडौं आएका सुमनले कलाकार बन्नका लागि नै विभिन्न कक्षाहरू लिएका छन् । श्रीराज इन्टरनेशनल सोहखुट्टेमा ३ वर्षसम्म नृत्य सिकेका सुमनले पुनः श्रीराजमै नृत्य सिकाउन थाले । आफू पनि सिक्दै अरूलाई पनि सिकाउँदै गर्दागर्दै उनलाई म्यूजिक भिडियोमा अफर आयो र मोडलिङतर्फ लागे ।

उनलाई नृत्य सिकाउने गुरु राजीव बलामीले म्यूजिक भिडियोमा खेल्ने अवसर दिएका हुन् । चिन्दै नचिन्ने बोल्दै नबोल्ने भन तिमी कहाँ छौं बोलको गीतको म्यूजिक भिडियोबाट मोडलिङमा डेब्यू गरेका सुमनले डेढ दर्जनभन्दा बढी म्यूजिक भिडियोमा अभिनय गरिसकेका छन् । एकातिर नृत्यको कक्षा लिँदै र नृत्य सिकाउँदै गरेका सुमन मोडलिङसँगै नोकरी पनि गरिरहेका छन् । बाचा तोडेर नजाउ, भाग्य कोर्ने, छोपी लायो माया, म त नफापेको मान्छे, चितामाथि मेरो लास, दन्तेलहर फुल्यो, महिनौं पनि बितिसके, नेपाल भएर नै जस्ता डेढ दर्जनभन्दा बढी गीतमा अभिनय गरिसकेका सुमनले आफ्नो करिअर कलाकारितामै बिताउने निचोड निकालेका छन् ।

बुबा नवराज खतिवडा र माता लक्ष्मी खतिवडाको जेठो सन्तानका रूपमा धर्तीमा पाइला टेकेका सुमनले आफ्नो कर्म गुरूका रूपमा भने राजीव बलामीलाई लिने गर्छन् ।

# 'लेट मी डान्स नेपाल' को उपाधि बिष्णुलाई



म्यूजिकखबर । 'लेट मी डान्स नेपाल' 'सिजन-२'को उपाधि म्याग्दीकी बिष्णु मगरले हात पारेकी छन् । राजधानीको प्रज्ञा प्रतिष्ठानमा आयोजित फाईनल कार्यक्रममा ८ प्रतिस्पर्धीहरूलाई पछि पार्दै उनले तीन लाखसहित अवार्ड, प्रमाण पत्र हात पारेकी हुन् ।

त्रिकाल आर्ट एकेडेमी र मिटिङ प्वईन्ट नेपालको संयुक्त आयोजनामा संचालन भएको 'लेट मी डान्स नेपाल सिजन-२'को फस्ट रनरअप दाङकी खिमा काउचा मगर हुन सफल भईन् । त्यस्तै, सेकेण्ड रनरअपको उपाधि धादीङका योगेश श्रेष्ठले ५० हजारसहित अन्य पुरस्कार जिते । त्यस्तै, थर्ड रनरअपको उपाधि ललितपुरका अभिषेक महर्जनले जित्न सफल भए ।

देशका विभिन्न स्थानमा छरिएर रहेका अनि लुकेर बसेका प्रतिभहरूलाई एकै ठाउँमा समेटि ती प्रतिभाहरूलाई निखारि बाहिर ल्याउने र राष्ट्रियस्तरमा उनीहरूको प्रतिभा पुऱ्याउने उद्देश्यले संचलनका ल्याईएको 'लेट मी डान्स नेपाल' 'सिजन-२'को फाईनल कार्यक्रम संस्कृतिविद् सत्यमोहन जोशीको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । त्यस्तै, अतिथिमा कलाकार बिएस राणा, मिथिला शर्मा, नायक शुशिल क्षेत्रीलगायतको उपस्थिती रहेको थियो ।

भोड्काले प्रयोजन गरेको 'भोड्का लेट मी डान्स नेपाल'को दोस्रो संस्करणका विजेताहरूलाई ५ लाख दिईएको आयोजक तथा संस्थाका अध्यक्ष क्षेडुप लामाले बताए ।

'लेट मी डान्स नेपाल'को 'सिजन-२' मा उत्कृष्ट ५० बाट उत्कृष्ट २५, उत्कृष्ट १५, उत्कृष्ट ११ हुँदै उत्कृष्ट ८ मा फाईनल भएको हो । 'लेट मी डान्स नेपाल' प्रतियोगीता 'सिजान-२' का जर्जहरू नृत्य निर्देशक जोगेन्द्र केसी, नायिका मेलिना मानन्धर र नृत्य निर्देशक तथा गायक प्रेम लामा रहेका थिए । प्रतियोगीताको फाईनलमा ७० प्रतिशत भोटको आधारमा र बाँकि ३० प्रतिशत जर्जको निर्णयमा भएको थियो ।

## तगडा र झगडाको तुलना



म्यूजिकखबर । माया र पिरतीका पुराना प्रचलनहरू सुन्दा हामी जति आनन्दित र रोमाञ्चित हुन्छौं त्यो भन्दा बढी अहिलेको माया प्रीतीको देखाई र भोगाईको पिडामा पनि हुन्छौं । भनिन्छ पहिलेको माया निस्वार्थ र तगडा हुन्थ्यो तर अहिलेको माया स्वार्थी र झगडालु हुन्छ । यही सत्यतालाई सम्झाउँने गरी क्रेजी ब्रोदर्स ब्याण्डले एउटा गीतको भिडियो सार्वजनिक गरेको छ । युवा युवती बिचको मायाप्रेम, रोमान्स वा रोनाधोना समेटेर भिडियो तयार गरिने आम परम्पराको पिछा नगरी बिना युवती तयार भिडियोमा ब्याण्डका युवाहरूले आ आफ्नो विधा सम्हालेर देखा परेका छन् भने अडियो गीत समेत उनीहरूले संयुक्त रूपमा सृजना गरी रेकर्ड गरेका हुन् । राजिव शाहले आफ्नै स्टुडियो पुतलीसडकमा रेकर्डिङ र मिक्सिङ गरेका जमाना बोलको उक्त गीतको भिडियोमा विनय मग्रातीको छायाँकन र तुलसी बाँस्कोटाको सम्पादन रहेको छ ।


व्यवसायिक हटलाइन ☎ ०१-४०१०५४५

लोक, आधुनिक, पप शैलीका गीतसंगीतको एरेन्ज गर्नु परेमा सम्झनुहोस् ।

सुदीप सागर
एरेन्जर
९८५११८८२३७

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रवर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
MB Music Recording Studio
Kapoordhara Marga, VK Plaza, Samakhusi, Kathmandu.
सम्पर्कः ९८४१८७९१०५, ९८४१३४१३२२

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रवर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
विनोद बाजुराली, प्रबन्ध निर्देशक एवं एरेन्जर
मालश्री रेकर्डिङ स्टुडियो
फोनः ९८४११६२५२५

गीतसंगीतको अडियो भिडियो उत्पादन तथा बजार व्यवस्थापनका लागि हामीलाई सम्झनुहोस् ।
VIBES CREATION
परशुराम रिजाल
प्रबन्ध निर्देशक तथा
भाइब्स क्रियशन प्रा.लि.
सम्पर्कः ०१-४२२२९७१, ९८५१०९२६८८

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रवर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
झलक संगीतम, संगीतकार/एरेन्जर
आलाप रेकर्डिङ स्टुडियो
फोनः९८४९१५५०९७

गीतसंगीतको रेकर्डिङ, संगीत, एरेन्ज एवं अडियो भिडियो उत्पादन तथा बजार प्रवर्द्धनका लागि हामीलाई सम्झनुहोस् ।
बीबी अनुरागी
सङ्गीतकार तथा एरेन्जर
प्रिज्म डिजिटल रेकर्डिङ स्टुडियो
बबरमहल, काठमाडौं, फोनः ०१-४२६८६१४

# पहिचान खोज्दै रितु

सबिता पोखरेल/म्यूजिकखबर

छोटो समयमा आफ्नो गायकीमार्फत श्रोता दर्शकको मन जित्न सफल भएकी गायिका हुन् रितु कँडेल । चितवनको पुल्चोकमा हुर्किएकी रितुले स्थानिय बालकुमारी कन्या स्कुलबाट एसएलसी गरेकी हुन् । उनले भविष्यमा गायिका बन्ने संकेत बाल्यावस्थाबाट नै झल्काएकी थिइन् । चञ्चले स्वभावकी रितु नाँच्न र गाउन भनेपछि भुतुक्क हुन्थिन् । हरेक शुक्रबार विद्यालयमा आयोजना हुने अतिरिक्त कार्यक्रममा भाग लिएकै हुन्थिन् । गायन प्रतियोगितामा प्रथम हुँदै आएकी रितुलाई साथीहरूले खुबै प्रंशसा गर्दथे । एकदिन स्कुल नजाँदा घरमै साथीहरू लिन आउँथे । टिचरहरूबाट पनि उतिकै प्रशंसा र प्रोत्साहन मिल्थ्यो ।

त्योबेलामा विद्यालयमा सम्झनाका लागि अटो भर्ने चलन थियो । कक्षा ८ मा पढ्दा रितुले पनि अटो बनाएकी थिइन् । अटो साथीहरू लगायत टिचरहरू समेतले भर्नुभएको थियो । त्यसमा गुरूआमाले 'प्यारी रितु, तिमीले आफुभित्र रहेको गायकी कलालाई सदुपयोग गर्नु । गायन क्षेत्रमा पाइला अगाडि सार अवश्य सफल हुनेछौ । मलाई बुढ्यौली भएको समयमा पनि तिम्रा गीतहरू सुनेर, तिम्रो चर्चा सुनेर आनन्द लिनेछु ।' यस्तै यस्तै प्रोत्साहन र प्रशंसा सहितका शब्दहरूले अटोको पेज भर्नुभएको थियो । जसले गर्दा गायनमै रमाउने स्वभावकी रितुलाई झन् उर्जा मिल्यो ।

परिवारमा पनि उनले गायिका बन्ने सिग्नल सानैमा दिएकी थिइन् । तिजमा सानीआमा, आमाहरू बाँडिएर मामाघर जानुहुन्थ्यो । गीत गाउने, रमाइलो गर्ने भएकाले मामाहरूले भने रितुलाई नै रोज्नु हुन्थ्यो । तर पनि परिवारमा भने छोरी डाक्टर होस् भन्ने थियो । तथापी गायनमा लाग्दा अवरोध पनि भएन भने खुलेर सपोर्ट पनि मिलेन । दाई पनि डाक्टर भएकाले उनलाई डाक्टर बन्न मन लागेन । डाक्टर नबने सफल व्यापारी बनोस्, गायन सोख होस् तर प्रोफेसन नै नबनोस् भन्ने घरपरिवारको चाहना थियो ।

मनैदेखिको चाह भएकाले परिवारको आंकाक्षा पनि छायाँमा पार्दै रितु गीत संगीतमै मरिमेट्न थालिन् । कलेजमा पनि साथी र गुरूहरूको प्रेम र प्रोत्साहन त्यतिनै पाइन् जसले गर्दा संगीत छाडेर अन्त जानै नसक्ने बनायो । गाउनकै लागि जन्मेको हुँ भन्ने लाग्यो, परिवारले साथ दिए पनि नदिए पनि अब संगीतमै लाग्छु भन्ने प्रण गरिन् अनि संगीतज्ञ प्रकाश गुरूङसँग ६ महिनासम्मको संगीतको शिक्षा लिइन् ।

गीतमा प्रवेशसँगसँगै कोमल वलीलाई उनले अभिभावकको रूपमा पाइन् । कोमलको तीज गीतमा हत्तेरिका शिवजी भन्दै उनले स्टुडियोमा गाउने अनुभव बटुलिन् । 'कोमल दिदीको साथ र स्नेहले नै मलाई यो क्षेत्रमा हिंड्न सजिलो भएको हो । गीत कसरी गाउने ? यो क्षेत्र कस्तो हो ? कसरी अगाडि बढ्नुपर्छ यस्ता कुरामा दिदीले नै सल्लाह तथा निर्देशन दिनुभयो । म पनि त्यसरी नै अगाडि बढ्दैछु । त्यसैले कोमल दिदी प्रति सदैब आभारी रहनेछु । उहाँलाई मेरो सदैब उच्च आदर रहनेछ', रितुले भनिन् ।

रितुले ३ वटा एल्बम कोशेली दिएर नेपाली सांगीतिक क्षेत्रलाई योगदान दिएकी छिन् । 'ऋतुका फुलहरू' 'बलास' र 'तिजैमा' उनले सार्वजनिक गरेका एल्बम हुन् । 'ऋतुका फुलहरू'मा सातवटा गीतहरू रहेका छन् । जसमा काली प्रसाद बासकोटाको शब्द रहेको 'झुटो माया जाल' बोलको गीतले उनलाई सम्भावना बोकेकी गायिका भनेर चर्चित बनायो । एल्बममा सातवटा नृत्यशैलीका गीत छन् । कालीपसाद बास्कोटा, डा.कृष्णहरि बराल, दीपक सिलवाल, बिजु बज्र, पबित्रा, वीरेन्द्र राई र राज क्षितिजको शव्दमा कालीप्रसाद बास्कोटा, गैरे सुरेश, दीपक सिलुवाल बिजु बज्र, थानेश्वर गौतम र राज क्षितिजले संगीत भरेका छन् । यो एल्बम बजारमा आउनुमा पनि कोमल वलीकै विशेष रहेको उनले बताइन् । 'बलास' गीत पनि एकदमै चलेको छ । कमल खत्रीको शब्द संगीत रहेको उक्त गीतलाई नयाँ पुस्ताले मन पराइदिएका छन् ।

यतिबेला गायन क्षेत्रमा रहेको अवसर र चुनौतीकाबीच रितुले आफूलाई छोटो सांगीतिक यात्रामा पनि स्टेजमा रोजाईमा पर्दै आएकी छिन् । देशका थुप्रै ठाऊँमा प्रस्तुतिका लागि पुगिसकेकी छन् उनी । यसमा उनी आफुलाई भाग्यमानी ठान्दछिन् । विदेशको लागि पनि अफर आइरहेको बताउँदै उनी भन्छिन् तर मेरा आफ्ना गीतहरू कम भएकाले ओके भन्न सकेकी छैन । त्यसैले अझै राम्रा राम्रा गीतहरू ल्याउने सोचाइमा छु ।



बजारमा चल्दै आएका गायक, गायिकाको भीडमा गायिका रितु आफूलाई छुट्टै पहिचानका साथ स्थापित गराउने सोचमा छिन् । रितु अहिले ललितकला क्याम्पसबाट स्नातकोत्तर गर्दैछिन् । उनी भन्छिन् शिक्षाले मानिसलाई सक्षम र चेतनशील बनाउँछ । काममा दक्षतासँगसँगै शिक्षा भयो भने सुनमा सुगन्ध हुनेछ । विभिन्न हिंसाबाट बच्न पनि शिक्षित हुन जरूरी छ । डान्सिङ बिटका गीतमा मोटो भोकल र क्लासिकल बिटका गीतमा मसिनो भोकलमा दुबै तरिकाले गीत गाउन सक्ने रितुको स्वर सुन्नेहरूले तिम्रो स्वरमा दम छ है अगाडि बढ भनेर सुझाव दिने गरेका छन् ।

आज तारादेबी, तारादेवी नै भएर चिनिनुभएको छ । अन्जु पन्त, अन्जु पन्त नै भएर चिनिनुभएको छ । त्यस्तै रितु पनि आफुलाई रितु नै भएर चिनाउन चाहन्छिन् । भन्छिन् – मेरो स्वर सवै दर्शक, स्रोतलाई चिनाउन चाहन्छु । भोलि म नरहेपनि मेरो गीतमार्फत मलाई सम्झिरहुन् । यतिबेला नयाँ तिज गीतको तयारीमा रहेकी रितु सफलताको शिखरमा पुग्नका लागि अहिले खुड्किलो चढ्ने क्रममा रहेको बताउँदै उनी भन्छिन् अझै धेरै खुड्किलाहरू चढ्न बाँकी छ ।







